मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २१८ ● २०८० साल असार ०४ गते सोमबार ● Monday 19, June 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# नेपाली बजारमा "भारतीय नोट" को अवमूल्यन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश आन्दोलन क्रममा भारतीय नाकाबन्दीहुँदा नेपालमा सबैभन्दा बढी पेट्रोलियम पदार्थको अभाव चुलिएको थियो। नेपालतर्फका अधिकांश पम्पहरु बन्दरहन्थ्यो। कुनै पम्पमा इन्धन आएपनि दुई दिनसम्म माग धान्न सक्दैनथ्यो। त्यस्तो अवस्थामा पुर्व-पश्चिम राजमार्गदेखि दक्षिण प्रयोग हुने धेरैजसो सवारी साधनकालागि सीमापारीको पेट्रोलियम पम्प सहारा बनिरहेको थियो।

यस्तै अवस्थामा एक दिन यो संवाददाताले सीमापारी पुगेर मोटरसाइकललाई इन्धन किने। सो वापत भुक्तानी गर्ने बेलामा एक हजार नेपाली रुपैयाँलाई भारतीय मुद्रामा छ सय भारतीय रुपैयाँभन्दा बढी मूल्यांकन गर्न नसकिने बताइयो। समान्यतया नेपाली रुपैयाँ एक हजारको भारतीय छ सय २५ रुपैयाँ हुनुपर्ने हो। छ सय २० रुपैयाँसम्म दिएको भएपनि मान्न सक्थें। उसले कुनै हालतमा त्यो भन्दा बढी मूल्यदिन नसक्ने अडान लिएपछि नेपाली रुपैयाँको अवमुल्यन गर्ने भारतीय बजारमा आइन्दा कुनै किनमेल नगर्ने संकल्प लिएर फर्किएँ।

यतिबेला समय उल्टो फर्केको छ। नेपाली बजारमा भारतीय रुपैयाँको अवमूल्यन हुन थालेको छ। नेपाली बजारमा पाँच सय भारुको नेपाली मुल्य सात सय तोकिएको छ। यो मुल्यआधिकारिक नभएपनिबजारको चलनचल्तीयहीछ।नेपाल राष्ट्र बैंकको मूल्यलाई आधार मान्ने हो भने पाँच सय भारतीय रुपैयाँको नेपाली रुपैयाँ कम्तीमा आठ सय हुनुपर्ने हो। यति बेला नेपाली बजारमा व्यवसायीले सकभर भारतीय रुपैयाँ लिन मानिरहेको छैन। लिनैपरे भारतीय पाँच सय रुपैयाँलाई सात सयदेखि सात सय ५० रुपैयाँ सम्म तोकिएको छ।

जनकपुरस्थित गुड च्वाइस ट्राभल्स एण्ड टुर्सका सञ्चालक वीरेन्द्र साहले भारतीय रुपैयाँ नचल्ने समस्याले व्यापार घटेको दुःखेसो पोखे। 'आजकल त्यसैपनि बजार मन्दा चलिरहेको छ' साहले मधेश दृष्टिसँग भने, 'घुम्नकै लागिभने जनकपुरतिर आउने बढीजसो भारतीय पर्यटक हुन्छन्।

उनीहरुको भारतीय रुपैयाँ मैले लिनै मिल्दैन। बाहिर साट्न जाँदा मूल्य नपाएर खिन्न भइरहेका हुन्छन्।' ट्राभल्सले भारतीय रुपैयाँ लिन नमिल्नुको कारण उनले पाँच सय रुपैयाँको भारतीय नोट नेपालमा अफिसियली नचल्ने अवस्था रहेको बताए।



सीमावर्ती नेपाली जिल्लामा देखिएका केही घटनाहरुले यो बजारमा भारुको अवमूल्यन भइरहेको प्रमाणित गरिरहेको छ। तीमध्ये केही प्रतिनिधि मुलक दृश्य यहाँ उल्लेख छः

दृश्यः १
गत मंगलबार वीरगंज, घण्टाघरस्थित शुलभ शौचालयमा एक जनाग्राहकले सेवा प्राप्त गरेवापत १५ रुपैयाँ तिर्नुपर्ने थियो। उनले काउन्टरमा एक सयको भारतीय रुपैयाँको नोट दिए। उक्त नोटको नेपाली एक सय पचास रुपैयाँ मानेर एक सय पैतीस रुपैयाँ फिर्ता दिइयो। सेवाग्राहीले एक सय साठी हुनुपर्ने जिकिर गरेपछि नेपालमा भारतीय रुपैयाँ चल्दैन। कि एक सय पचास हुन्छ नभए अर्को नेपाली नोट दिनु... भनेपछि दुई पक्षबीच केही समय वादविवाद चलेको थियो। आखिर शौचालयमा उनको भारतीय रुपैयाँ चलेन। बाहिरबाट नेपाली रुपैयाँ व्यवस्था गरी ल्याएर दिनुपर्‍यो।

दृश्यः २
जनकपुरको बाह्रविघा रंगभूमि मैदान नजिक एक मोबाइल पसलमा भारतीय तिर्थालुले मोबाइलको चार्जर खरिद गरेवापत भारतीय पाँच सय रुपैयाँको नोट दिए। पसलेले उक्त नोटको नेपाली साढे छ सय रुपैयाँ मानेर फिर्ता दिए। ग्राहकको चित्त बुझेन। प्रतिवाद गरेपछि ग्राहकले लिएको सामानै फिर्ता लिएर चार्जर बेच्नु नै छैन भन्दै पठाइदिए।

दृश्यः ३
गएको सोमबार महोत्तरी स्थित सीमावर्ती बजार भिट्ठामोडमा ग्राहक र पसले बीच भारतीय रुपैयाँकै विषयमा उत्पन्न विवाद कुटपिटसम्म पुग्यो। ग्राहकले एक बोतल पानी किनेर खायो। पसलेलाई भारतीय पचास रुपैयाँको नोट दिए। पसलेले भारतीय रुपैयाँ चल्दैन, नेपाली रुपैयाँ दिनुपर्ने जिकिर गरेपछि दुई पक्षबीचको भनाभनले विवादको रुप लियो। सोही विवाद उग्र रुप लिएपछि ग्राहक दिदीभाई नै कुटिए।

यी घटनाक्रमहरुलाई नियाल्दा नेपाली बजारमा भारतीय रुपैयाँको अवमूल्यन मात्रै होइन, अपमान नै भइरहेको देख्न सकिन्छ। कुनै बेला १० बजे खुल्ने राष्ट्र बैंकबाट भारतीय रुपैयाँ खरिद गर्न आउने ग्राहकहरु पछि परिएला भनेर बिहान पाँचै बजेदेखि बैंकको गेट अगाडी लाइन बसिरहेको दृश्य देखिन्थ्यो। अहिले राष्ट्र बैंकबाट भारतीय रुपैयाँ खरिद गर्न आउने ग्राहक लगभग भेटिदैन। राष्ट्र बैंक जनकपुर शाखा कार्यालयका निर्देशक अशोक घिमिरे भन्छन्, 'कुनै बेला पाँच दशहजार भारतीय रुपैयाँ माग्न पनि ठुलाबडासँग फोन गराइन्थ्यो। अहिले माग्ने कोही छँदैछैन।'

आखिर यस्तो किनभयो त ?

प्रश्नको जवाफ सम्भवतः राष्ट्र बैंकसँग पनि छैन। राष्ट्र बैंकको जनकपुर कार्यालय निर्देशक घिमिरेले यसवारे यकिन जवाफ दिइहाल्ने अवस्था नरहेको बताए। 'हामीले पनि तपाइले भने जस्तै सुनिरहेका छौं। भारतीय सीमा क्षेत्रको बजारमागएर बुझ्न खोज्दा नेपालमा भारतीय रुपैयाँ नोट पर्याप्त भएको देखिन्छ' उनले थपे, 'यस्तो हुनुको कारण ठ्याक्कै यहीहो भन्न सकिने अवस्था भने छैन।'

जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले नेपाली बजारमा भारतीय रुपैयाँको आयात बढेको तर नोटको व्यवस्थापन सहज नहुँदा अवमूल्य भएको बताउँछन्। उनी भन्छन्, 'पछिल्लो समयमा प्रत्यक्ष अप्रत्यक्ष आधारले नेपाली बजारमा भारतीय रुपैयाँको फलो बढेको छ। नेपाली व्यवसायीले भारतीय पाँच सय रुपैयाँको नोट लिन्छन् तर नेपालको बैंकले त्यो स्वीकार्दैन।' बैंकले नस्वीकारेपछि नेपाली बजारमा संकलित भारतीय रुपैयाँ चोर बाटो प्रयोग गरेर भारतीय बजारसम्म पठाउँदा व्यवसायीले मोल्नुपर्ने जोखिमको कारण अवमूल्यन भएको महासेठको भनाइ छ। उनले यो अवस्थालाई राष्ट्र बैंकले सम्बोधन गर्नुपर्ने आवश्यक्ता औल्याए।

सीमावर्ती भारतीय बजारमा मदिरा प्रतिबन्धित हुनुले पनि नेपाली बजारमा भारतीय रुपैयाँको फलो बढेको अनुमान व्यवसायीको छ। जनकपुरमा मात्रै दैनिक दुई सयदेखि तीन सय भारतीय सवारीसाधन आउने गरेका छन्। कोहीतीर्थयात्रामा त कोहीमदिरा पाउने प्रलोभनले रमाइलो गर्ने बहानाबनाएर नेपालीबजारमाआउने गरेको व्यवसायी बताउँछन्। यो अनुपातलाई मात्रै केलाउने हो भने भारतीयनागरिकले मात्रै जनकपुरमा दैनिक पाँचदेखि १० लाखभारतीय रुपैयाँ खर्च गरिरहेका छन्।

यी बाहेक नेपालबाट निर्यात गर्न प्रतिबन्धित गरिएका वस्तुहरुको पैठारीले पनि अवैध रुपमा भारतीय रुपैयाँ आयात भइरहेको अनुमान सरोकारवाला पक्षको छ। नेपालले निर्यात प्रतिबन्ध गरेको वस्तुमा मुख्यतया मदिरा र सुन चोर बाटो हुँदै भारतीय सीमा कटाउने गरेको स्रोतहरुको भनाइ छ। ति वस्तु पैठारी वापत आउने भारतीय रुपैयाँले पनि नेपाली बजारमा यस्तो अवस्था सिर्जना गरेको अनुमान सम्बद्ध पक्षको छ।

यस वारे खुलेर बोल्न कानुनले बर्जित गरेपनि बैंकका अधिकारीहरुको समेत यस्तै अनुमान छ। घिमिरेले नेपालीबजारमा भारतीय रुपैयाँ थुप्रिनु अप्रत्यासित रहेको उल्लेख गर्दै मुख्य कारण पत्ता लगाउन भने केही समय पर्खिनुपर्ने बताउँछन्।

## भाषाको एकल अधिपत्य विभेद हो : यादव



*नेपालमा बोलिने १ सय २५ भाषा मध्ये एक मात्र भाषालाई माननिय भाषाको रुपमा प्रयोग हुनु भाषिक विभेद र असमानताको पराकाष्ठा रहोको छ।*

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नेपालमा चरम भाषिक विभेद र असमानता कायम रहेको बताएका छन्। जनकपुरधाममा भाषा आयोगले आयोजना गरेको सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि अन्तरक्रिया कार्यक्रममा बोल्दै पुर्व उपप्रधानमन्त्री यादवले नेपालमा बोलिने १ सय २५ भाषा मध्ये एक मात्र भाषालाई माननिय भाषाको रुपमा प्रयोग हुनु भाषिक विभेद र असमानताको पराकाष्ठा रहेको बताएका छन्।

यादवले नेपाली भाषा भन्दा नेपालमै बोलिने अन्य धेरै भाषाहरु अत्यन्त प्राचिनतम रहेको दावी गर्दै मिथिला माण्डवी, नेपाल, तामाङ्ग जस्ता भाषाहरु नेपाली भन्दा पनि प्राचिन रहेको तर्क गरेका छन्। खस बाट पर्वते र गोर्खा हुदै वि.सं. १९३३ मा गोर्खा भाषा प्रकाशनी समिति बन्दै १९७० मा सोहि समितिलाई नेपाली भाषा प्रकाशनी समिति बनाएर नेपाली भाषाको रुपमा प्रचार गरिएको हालको नेपाली भनिने यो भाषालाई राज्य शक्तिको बलमा एकल र निर्विकल्प भाषाको मात्र अधिपत्य जमाइनु अधिनायकवाद रहेको उनले बताए।

सो कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख, सभामुख, कांग्रेसका फरमुल्ला मन्सुर सहित हरेक राजनितिक दलका नेताहरु, भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर लगायतकाले आ-आफनो धारणा राखेका थिए।

## सिरहामा तस्करी मौलाउँदै

**मुकेश कुमार यादव**
**सिरहा।**
पछिल्लो दिनहरुमा सिरहा तस्करीको उर्वर भूमिको रुपमा चिनिन् थालेको छ। जिल्लाको पूर्वी नाका ठाडी भन्सारका कर्मचारी र प्रहरी प्रशासनको मिलेमत्तोमा ठूलो परीमाणमा भन्सार छलिका सामानहरु नेपाल भित्रीएको पाइएको छ।

ठाडी भन्सार कार्यालयबाट प्याजको भन्सार बुझाएर काठमाडौं लादै गरेको अवस्थामा मकवानपुरको रातमाटे चौकी चेकपोष्ट नजीकबाट एक करोड ५० लाखभन्दा बढी मूल्य बरावरको अवैध कपडा प्रहरीले बरामत गरेको छ। ठाडी भन्सार कार्यालयबाट भगवानपुर गाउँपालिका ४ का लागि स्थानीय गोदावरी माता इन्टरनेशनल प्रालिले यहि जेठ ३२ गते बीआर-०६जीई ५०५३ नम्वरको मिनी ट्रकमा १५ हजार आठ सय ६३ केजी प्याजको एक लाख ९३ हजार सात सय ९२ रुपैयाँ भन्सार बुझाएपनि ट्रकभित्र थोरै मात्रामा प्याजलोडगरी एक करोड भन्दा बढीको अवैध कपडा लग्दै गरेको अवस्थामा मकवानपुर प्रहरीले पक्राउ गरेको हो।

भगवानपुरको लागि ल्याएको भनिएको ट्रक प्रहरीले मकमानपुरबाट प्याजको बोराभित्र लुकाएर सुटको कपडा काडमाडौं लादै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिई भन्सार कार्यालय काठमाडौंलाई बुझाएका छन्।

भगवानपुरको लागि ल्याएको प्याज कसरी काठमाडौं गयो भन्ने विषयमा गोदावरी माता इन्टरनेशनलका सञ्चालक मनिस कुमार महतोले आफ्नो फर्म प्रयोग गरेर काठमाडौंका व्यवसायी भुपेन्द्र प्रधानले सामान लगेको बताए। सञ्चालक महतोले आफू लगानी गरेर ल्याउने भन्दा पनि सामान चाहिएकाहरुसँग समन्वय गरेर आफ्नो फर्म प्रयोग गरी सामान ल्याउने गरेको बताए। त्यसैले पनि आफूले सामान विक्रि गरेको विल नकाटेको उनले सुनाए। उनले भने, 'मेरो फर्म मात्रै प्रयोग भएको हो। प्रधानले कसरी के ल्यायो मलाई थाहा छैन। मलाई प्याज ल्याएको भन्नेमात्र जानकारी छ।'



भन्सार कार्यालयबाट नजीकै रहेको बजार भगवनपुर लाने भनेर भन्सार काटीएको भएपनि सो ट्रक अवैध कपडा सहित मकमानपुरबाट बरामद भएको छ। चालकसँग भएको कागजातको आधारमा शंकालागि चेकजाँच गर्दा बेराभित्र कपडा फेलापरेको मकमानपुर प्रहरीले जनाएको छ। यता ठाडी भन्सार कार्यालयले प्याज सहितका फलफूल जन्य समानहरु सवै पल्टाएर हेर्न नसक्ने भएकाले भित्र के रहेको भन्ने जानकारी नरहेको बताए। कार्यालयका वर्तमान निमित्त प्रमुख शिव कुशवाहले भने, 'प्याज, फलफूल जस्ता सामाग्री सवै निकालेर हेर्न नसकिने भएकाले दुचारवटा बोरा खोलेर हेरियो, खासै त्यस्तो पाइएन।'



कुशवाहाले आफ्नो तर्फबाट सवै गरेकोले आशंका नगर्न आग्रह गरे। उनले भन्सार काटीएको ३० घण्टापछि हेटौडाबाट सामान बरामद भएकाले बाटोमा हेरफेर भएको हुनसक्ने आशंका गरे।

यस सम्वन्धमा सीमा सुरक्षाको जिम्मा लिएर भन्सार कार्यालयसँगै रहेका सशस्त्र प्रहरीका डीएसपी दिपेन्द्र थापाले भन्सार कर्मचारीले दिएको कागजको आधारमा आफूहरु मुख्य योजना कारसम्म पुग्न नसकेको बताए।

तर, ठाडीबाट लहान हुँदै धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारासहित पाँचवटा जिल्ला पार गरेर ट्रक कमवानपुर पुग्नुलाई आशंकाको दृष्टिले हेरीएको छ।

स्थानीय एक व्यसायीले नै भने, 'सेटिङगविना यत्रो सामान पाँच वटा जिल्ला पार गरेर जानै सक्दैन, पुरै सेटिगमै सामान गएको हो।'

त्यसैगरी, गत वैशाख २७ गते सिराहाको लहान नगरपालिका १ बाट प्रहरीले भन्सार छलेर चोरी पैठारी गरी ल्याइएको करिब ७३ लाख रुपैयाँ मूल्यबराबरको आयुर्वेदिक औषधिहरू बरामद गरेको थियो।

प्रहरीका अनुसार लहान ६ घर भई लहान १ बस्ने रवीन्द्रकुमार साहको घरमा भन्सार छलेर भारतबाट ल्याईएका आयुर्वेदिक औषधिहरू राखिएको गोप्य सूचनाको आधारमा बरामद गरेको थियो।

प्रहरी टोलीले साह बस्दै आएको घरको बरन्डामा राखिएको विभिन्न स्वादका म्यांगो हर्बस ७७ कार्टुन, बुस्ट क्याप्सुल, लाइसोटोन, एसिकाल्म, बेक्टो, रुन्दती, फेरक्स आइरन, लाइसोटोन क्याप्सुलसहित ७४०४ प्याकेट, ७२ बोतल एसिकाल्म तथा प्रोटिन चकलेट २७ बट्टा बरामद गरेका थिए।

यो दुवै घटनाले सिरहामा तस्करी फस्टाएको पुष्टि हुने स्थानीयहरु बताउँछन्। प्रहरी र भन्सा कर्मचारीले देखाउनकै दिनभरी घरायसी सामान ल्याउने सर्वसाधारणको चेकजाँच गरेपनि सेटिङ्गमा ठूला तस्करी हुने गरेको स्थानीयको आरोप छ।



मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ।

हाम्रा सेवाहरू :-



कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
MRI, CT SCAN
फ्री डाईलाइसिस सेवा
स्वास्थ्य वीमा कार्यक्रम
आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसूति सेवा

वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ९८१४२९२००४
info@bhchospital.com www.bhchospital.com

हार्दिक शुभकामना

मधेश प्रदेशको राजधानी जनकपुरधामबाट प्रसारित सिमला देवी मिडिया प्रालिद्वारा सञ्चालित जनकनन्दनी एफएम ९५.५ मेगाहर्ज पाँच वर्ष पूरा गरी छैठौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा रेडियोलाई यहाँसम्म पुर्याउन सहयोग गर्नुहुने हाम्रा आम स्रोता, विज्ञापनदाता र कार्यरत पत्रकार तथा कर्मचारीहरुमा हार्दिक धन्यवादसहित शुभकामना व्यक्त गर्दछु। आगामी दिनहरुमा पनि यसरी नै तपाईंहरुको स्नेह, माया, सल्लाह र सुझाव हामीलाई निरन्तररुपमा भेटिरहोस् भन्ने अपेक्षासहित कृतज्ञता प्रकट गर्दछु। जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारको सम्मान गर्दै सुशासन र पारदर्शिता कायम गराउने अभियानमा समेत हामी अझ सशक्त भएर प्रस्तुत हुनेछौं।

अर्जुन मण्डल
अध्यक्ष
जनकनन्दनी एफएम

# एक महिने निःशुल्क स्वास्थ्य शिविर सुरु



**मधेशदृष्टि**
**वीरगंज।**
अल्पाइन मेडिकल कलेज एन्ड टिचीङ हस्पिटल सपोटेड बाइ लायन्स क्लब अफ वीरगंजद्वारा सञ्चालित बृहत निशुल्क स्वास्थ्य जाँच शिविरमा एकहजार भन्दाबढि विरामीहरुले लाभ लिएका छन् । आइतबारबाट सुरु भएको निःशुल्क स्वास्थ्य शिविर एक महिना सम्म चल्ने बताइएको छ । हस्पिटलका चेयरमैन शिव कुमार शर्मा तथा प्रशासनिक तथा प्रमुख मेडिकल अफिसर डाक्टर प्रकाश साह र लायन्स क्लब अफ वीरगंजका अध्यक्ष लायन सुनील कुमार खेतान र कोषाध्यक्ष तथा कार्यक्रम संयोजक लायन गोविन्दा प्रसाद कानुको उपस्थितिमा समुदघाटनगरि एक महिना असारसम्म निशुल्क स्वास्थ्य जाँच शिविर चल्ने बताइएको छ । हस्पिटलको परिसर, सिमरा मा सुरु भई आइतबार पहिलो दिन साँझ सम्म करीब १०९७ बिरामीहरूले लाभ लिएका छन् ।

# चन्द्र माध्यमिक विद्यालयमा तालावन्दी

**मधेशदृष्टि**
**सिरहा।**
नागरिक अगुवा डा.प्रविण कुमार यादवले विभिन्न माग अघि सार्दै सिरहास्थित चन्द्र नमूना माध्यमिक विद्यालय (प्राविधि) सिरहामा तालाबन्दी गरेको छ ।
आर्थिक पारदर्शीता, शैक्षिक गुणस्तरीयताको ठोस नीति, शिक्षक कर्मचारीको दुरुस्त तथ्यांक, विद्यालयको नाममा रहेको चल अचल सम्पतिको विवरण, लेखापरिक्षण प्रतिवेदन सार्वजनिक गर्नुपर्ने लगायतका विभिन्न मागहरु अघि सार्दै नागरिक अगुवा यादवले विद्यालयमा तालाबन्दी गरेको हो ।
'जनगुनासो आएपछि सबै कुरालाई समेट्दै छ सुत्रिय माग सहितको निवेदन केही दिन अघि विद्यालयमा दिएको थिएँ,' उनले भने, 'निवेदनको माग बमोजिमको विवरण उपलब्ध गराउन विद्यालयमा कैऔं पटक ताकेता गरेपनि कुनै चासो नदिँदा बाध्य भएर तालाबन्दी गरेका छौं। तालाबन्दीबाट हुन सक्ने सम्पूर्ण नोक्सानीको जिम्मेवारी विद्यालय प्रशासनले लिनुपर्छ ।'
विद्यालयका प्राचार्य मधुसुदन कर्णको गैर जिम्मेवारी र विद्यालय व्यवस्थापन समितिको फितलो निर्णयका कारण करोडौंको भौतिक क्षति भएको उनले दाबी गरे।
अल्पकालिन सोच राखेर निर्णय गरेको आधारमा केही वर्ष अघि मात्र करोडौंको लागतमा निर्माण व्यवसायीक भवन सडक क्षेत्रमा परेर भत्किएको उनको तर्क छ ।
उनका अनुसार निर्माण गरिएको व्यवसायीक भवन र अन्य निर्माण कार्यको खर्च अपारदर्शी छन्। विद्यालयको निर्माण कार्य र खरिदहरुमा व्यापक आर्थिक अनियमितता भएको उनको दाबी छ। विद्यालयको शैक्षिक स्तरीयता र सरसफाईको अवस्था पनि दैनिय रहेको उनले दाबी गरेका छन् ।
चन्द्रमाविमा तालाबन्दी गर्ने डा.प्रविण सिरहा नगरपालिकाका नगरप्रमुख डा.नविन कुमार यादवको कान्छो भाई हो। नगरप्रमुख हुनु अघि डा.नविन सिरहामा रहेको चमाविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेको थियो । व्यवस्थापन समितिको कार्यकाल सकेको केही महिना पछि नगरप्रमुखमा निर्वाचित भएको थियो ।
स्थानीयवासीका अनुसार यसअघि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहिसकेका मेयर यादव अहिले नगर शिक्षा समितिका अध्यक्ष समेत छन् । विद्यालयको दुर्गतिको जिम्मा मेयर यादवले समेत लिनुपर्ने स्थानीयवासीको भनाइ छ ।

# आन्दोलन फिर्ता लिएपनि अधिकांश विद्यालय बन्द



**सञ्जय मिश्रा**
**रौतहट।**
आन्दोलनरत्त नेपाल विद्यालय कर्मचारी परिषद्ले सामुदायिक विद्यालय बन्दका कार्यक्रम फिर्ता लिएपनि रौतहटका अधिकांश सामुदायिक विद्यालयहरु आईतबार बन्द रहेको छ ।सरकारले वार्ताका लागि समिति गठन गरेपछि आन्दोलनकारीहरुले तत्काल आन्दोलनका कार्यक्रम स्थगित गरेका थिए । सरकारले समिति गठन गरेर वार्तामा आउन आह्वान गरेको थियो । नेपाल विद्यालय कर्मचारी परिषद्ले विद्यालय बन्दको कार्यक्रम फिर्ता लिएको भएपनि यहाँको अधिकांश विद्यालय भने बन्द रहेको थियो । विद्यालय कर्मचारीको पूर्व निर्धारित कार्यक्रम अनुसार विद्यालय बन्दको निर्णय फिर्ता लिएको थियो ।
जिल्ला शिक्षा समन्वय ईकाई रौतहटका प्रमुख रामबिनय सिंहले विद्यालय कर्मचारीको आव्हानमा जिल्लाको अधिकांश सामुदायिक विद्यालय बन्द रहेको जनाएका छन् । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले वार्ता टोली गठन गरेर सम्वादको वातावरण बनाउन आग्रह गरेको भन्दै विद्यालय बन्दको कार्यक्रम तत्कालका लागि स्थगन गरिएको परिषद्का अध्यक्ष गंगाराम तिवारीले बताए ।
वार्ताको माध्यमबाट आन्दोलन राखिएका मागहरु सम्बोधन गर्न सरकार गम्भिर नदेखिएमा सर्वोच्च अदालतको फैसला कार्यान्वयन नगरेमा, विगत वर्षहरुमा भएका र गरिएका सहमति र सम्झौताहरु कार्यान्वयन नगरेको खण्डमा पुनः आन्दोलनका कार्यक्रम अगाडि बढाउने परिषद्ले चेतावनी दिएको छ।

# एक्स–रे मेसिन हस्तान्तरण



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको पूर्वी भेग दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भु कुमार सिंहले प्राथमिक स्वास्थ्य केन्द्र गंगा पीपरामा डिजिटल एक्सरे मेसिन हस्तान्तरण गरेको छन् । अध्यक्ष सिंह ले सनिवार एक समारोह बीच उक्त मेसिन स्वास्थ केन्द्र लाई हस्तान्तण गरेका हुन्। विरामीको निशुल्क सेवाका लागि उपलब्ध गराएको एक्सरे मेसिन सञ्चालन गरिएको छ। एक्सरे मेसिनको उद्घाटन गर्दै अध्यक्ष सिंहले उपलब्ध प्रविधिबाट स्वास्थ्य सुरक्षाको बारेमा जानकारी लिन सजिलो हुने र परीक्षणको आधारमा उपचार प्रभावकारी हुने विश्वास व्यक्त गरेका थिए ।

# विपन्न घर–परिवारलाई निःशुल्क विद्युत मिटर वितरण



**मधेशदृष्टि**
**सिरहा।**
नेपाल विद्युत प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालयका प्रमुख मनेन्द्र प्रसाद ठाकुरले सेवाग्राहिलाई सहज ढङ्गले सेवा प्रवाह गर्न निर्देशन दिएका छन्। प्राधिकरणको सिरहास्थित मिर्चैया वितरण केन्द्रले आजबाट सुरुगरेको 'विपन्न घर-परिवारलाई निःशुल्क विद्युत मिटर वितरण' कार्यक्रमलाई सम्वोधनगर्दै सेवाग्राहीलाई कुनैपनि प्रकारको दुख दिने, अल्झाउने, फर्काउने खालका व्यहार नगर्न कर्मचारीहरुलाई निर्देशन दिएका हुन्।
उनले सेवाग्राहिलाई अनावश्यक रुपमा दुख दिने, अल्झाउने, फकाउने गरेको प्रमाणसहित उजुरीगरे त्यस्ता कर्मचारीलाई तत्काल कार्वाही गर्ने जिकिर गरे। उनले भने, 'कार्यालयबाट फर्कने सेवाग्राहि फर्कदा खुशी खुशी फर्कने गरी काम गर्नुहोस्। गुणस्तरीय सेवा दिनु हाम्रो दायित्व हो।'




प्रादेशिक कार्यालयका प्रमुख तथा कार्यक्रममका प्रमुख अतिथी ठाकुरले नेपाल सरकार र प्राधिकरणको समाजिक दायित्व अन्तर्गत मिर्चैया वितरणकेन्द्रले आजबाट निशुल्क मिटर वितरण कार्य सुरुगरेको बताए।
उनले सरकार र प्राधिकरणको दायित्व अन्तर्गत मिटर वितरण प्रकृया सुरुभएको बताउँदै यसलाई पनि पार्दशी र प्रभावकारी बनाउन सुझाव दिए।
उनले मधेश प्रदेशका सवै वस्तिहरुका विद्युतिकरण भईसकेपनि कतिपय गरिव तथा विपन्न घरपरीवार विद्युत मिटरलिन नक्ने अवस्थाका रहेकोले प्राधिकरण वितरण प्रकृया थालेको बताए।
सोही क्रममा उनले १८ घण्टा लामो लोडसेडिङ्को अन्त्यगर्न प्राधिकरण सफल भएकोजनाउँदै अवको दिनमा प्रभावकारी सेवा प्रवाहगर्ने प्राधिकरणको दायित्व रहेको बताए।
प्राधिकरणले स्थानीय तहको साझेदारीमा सवै किसानको खेतैमा पुग्नेगरी विद्युतिकरण गर्ने जनाए। उनले भने, 'प्राधिकरणले स्थानीय सरकार र प्राधिकरणको ५०-५० प्रतिशतमा कृषि विद्युतिकरणको योजना पनि ल्याएको छ। हामीले स्थानीय तहहरुसँग समन्वय पनि गरिरहेका छौं।'
कार्यक्रममा मिर्चैया वितरण केन्द्रका प्रमुख मनोज कुमार शर्माले विद्युत मिटर जडान गर्न नसक्ने विपन्न परीवारलाई प्राधिकरणले सामाजिक दायित्व अन्तर्गत निशुल्क मिटर प्रदान कार्य आजबाट सुरुभएको बताए।
आजबाट सुरुभएको वितरण कार्य असार मसान्तसम्म चल्ने प्रमुख शर्माले जानकारी दिए।
वितरणकेन्द्रका सेवाक्षेत्रभित्र पाँचसय ग्राहलाई निशुल्क विद्युत मिटर र एमसीवी दिने कार्यक्रम रहेको जनाए। वडाहरुले दिएको विपन्न सिफारिसको आधारमा मिडर दिने उनको भनाई थियो।
तर, आफ्नो नाममा जमिन नभएकाहरुले भने एक हजार रुपैयाँ धरौटी राख्नुर्ने बताए। एनले भने, 'जमिन आफ्नै नाममा भएकाहरुले लालपुर्जाको फोटो कपी र वडाको सिफारिस ल्याउँदा हुने र लालपुर्जा नभएकाहरुले वडाको सिफारिसमा निशुल्क मिटर जडान गरिदिने बताए ।

# समाजवादी मोर्चा घोषणा हुने

**रासस**
**काठमाडौँ।**
संविधान प्रदत्त समाजवाद स्थापनालाई प्रमुख प्राथमिकतामा राखी सोमबार समाजवादी मोर्चा घोषणा हुने भएको छ ।
प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको नेकपा(माओवादी केन्द्र), नेकपा(एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेकपालगायतका राजनीतिक दलले समाजवादी मोर्चा निर्माणमा सहमति जुटाएका हुन् ।
सोमबार राष्ट्रियसभा गृहमा एक कार्यक्रम गरी समाजवादी मोर्चा घोषणा हुनेछ । बैठकमा सहभागी जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठका अनुसार आजको बैठकमा समाजवादी मोर्चा र त्यसको न्यूनतम कार्यक्रमका बारेमा आवश्यक सहमति भएको छ ।
समाजवादी मोर्चा बनाउने प्रयास धेरै पहिलेदेखि भए पनि औपचारिकता भने पाउन सकेको थिएन । माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महारले लगातार विभिन्न राजनीतिक दलसँग यसबारेमा संवाद गर्दै आएका थिए । आइतबारको बैठकमा शीर्ष नेताहरुको उपस्थिति थियो । बैठकले मोर्चाको न्यूनतम कार्यक्रमसमेत तय गरेको र सोमबार नै








सार्वजनिक गरिने बताइएको छ । मोर्चामा डा बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टी नेपालसमेत सहभागी हुने बताइएको छ । यसअघि नै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अध्यक्ष भट्टराईबीचको भेटवार्तामा सो सहमति भइसकेको छ ।

# महानगरभित्रका हलमा हिन्दी फिल्म प्रदर्शन रोकिने

**रासस**
**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाले सोमबारदेखि महानगरभित्रका हलमा हिन्दी फिल्मको प्रदर्शन रोक्ने भएको छ । महानगरका प्रमुख बालेन्द्र साहले नगर प्रहरीलाई खटाएर हिन्दी फिल्मको प्रदर्शन रोक्न निर्देशन दिएका हुन् । मेयर साहले सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'भारतीय चलचित्र आदिपुरुषमा समावेश भएको जानकी भारतीय छोरी हुन् भन्ने आपत्तिजनक सन्देश उक्त चलचित्रको मूल भागबाट हटाउन हामीले तीन दिनपहिले हटाउन आह्वान गरेका थियौँ । नेपालको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी राष्ट्रहितको रक्षा गर्नु प्रत्येक सरकार, सरकारी निकाय, गैरसरकारी क्षेत्र र नेपाली नागरिकको पहिलो कर्तव्य हुने कुरामा कुनै सन्देह छैन ।'नेपालको संविधानको धारा ५ र ५६ को उपधारा (६) ले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई राष्ट्रिय हितको संरक्षण गर्ने जिम्मेवारी तोकेको छ । उक्त चलचित्र यथावत् प्रदर्शन भएमा नेपालको राष्ट्रियता, सांस्कृतिक एकता र राष्ट्रिय विभूतिमाथि प्रहार भई अपूरणीय क्षति हुने देखिएको तथा उक्त


चलचित्रबाट नेपालमाथि सांस्कृतिक अतिक्रमण भएको हुँदा यसप्रति महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । काठमाडौँ महानगरपालिका क्षेत्रभित्र उक्त राष्ट्रहित विपरीतको चलचित्रको प्रदर्शनलाई निषेध गरेरमात्र देशभित्रका अन्य क्षेत्र र विदेशमा सो चलचित्र प्रदर्शन हुन दिने हो भने त्यसले भ्रामक तथ्य स्थापित गर्ने भएकाले उक्त चलचित्रबाट आपत्तिजनक अंश नहटाएसम्म काठमाडौँ महानगरमा कुनै पनि भारतीय चलचित्र प्रदर्शन गर्न सोमबारदेखि निषेध गरिएको प्रमुख साहले बताएका छन् । महानगरपालिकाका प्रमुख साहको निर्देशनपछि नगर प्रहरीले आइतबार बेलुकासम्म सबै हलमा पुगेर भारतीय फिल्म प्रदर्शन नगर्न निर्देशन दिने र यसका लागि नगर प्रहरी आजैदेखि खट्ने भएको महानगरपालिकाले जनाएको छ । काठमाडौँ महानगरका ३२ वडाभित्र १७ फिल्म हल छन् । दक्षिण भारतीय फिल्म 'आदिपुरुष'मा समावेश 'जानकी भारतकी छोरी हुन्' भन्ने वाक्यलाई भारतमा सच्याउन मेयर साहले फेसबुक स्टाटसमार्फत तीन दिनको समय दिनुभएको थियो । आइतबार बेलुकासम्म फिल्म निर्माताले भारतमा उक्त संवादलाई सच्याएका छैनन् ।

## राशिफल

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ । नराम्रो काम तिर भने मन जाने देखिन्न ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
मिठो खाना र उपहार पौने योग रहेको छ । मन डराउने छ ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
चिन्ता बढ्ला जस्तो छ । काम गर्दा विचार पुराउनु होला ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
घाउ चोटपटक वा दुर्घटनाको भय होला ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
नोकरीबाट भलायिको काम हुने छ । शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
शरीरमा केहि बाधा आउनेछ । केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्येस्तो नराम्रो देखिन्न ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
शरीरमा केहि त्येस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# पेस्तोलसहित दुई पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट प्रहरीले पेस्तोलसहित दुईजनालाई पक्राउ गरेको छ। सर्लाही, मलंगवा-७ का ६५ वर्षीय मोहन राय र ४५ वर्षीय उमेश रायलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता डिएसपी उमाशंकर यादवले जानकारी दिए। मौलापुर बजार आइटी चोकमा शुक्रबार साँझ प्रहरी टोलीले सवारी चेकजाँच गर्ने क्रममा बाराबाट घर जाँदै गरेको भारतीय नम्बर युपी ५० एन ३२३८ नम्बरको मोटरसाइकलको सिटमुनि लुकाएर राखेको अवस्थामा १ थान नलकटुवा पेस्तोल र १ थान गोली बरामद भएको डिएसपी यादवले जानकारी दिए।
अवैध हतियार र मोटरसाइकलमा सवार दुवैलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# वीरगंजका विद्यालय संचालनमा




**मधेशदृष्टि**
**वीरगंज ।**
झन्डै दुई साताको विदा पश्चात अन्ततः आइतबारदेखि वीरगंजका निजी स्कूल सञ्चालनमा आएका छन् । वीरगंज सहित मधेशमा अत्याधिक गर्मी बढेसँगै तातो हावा (लू) चल्न थालेपछि विद्यार्थीहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै वीरगंज महानगरपालिकाले गत जेठ १७ गतेदेखि असार २ गते सम्म विद्यालय बन्द गर्न निर्देशन दिएको थियो । वीरगंज महानगरपालिकाको निर्देशनमा आइतबारबाट निजी क्षेत्रका सम्पूर्ण विद्यालयहरु सञ्चालनमा आएपनि सामुदायिक विद्यालयहरु भने असार ६ गते देखि संचालनमा आउने भएका छन् ।

# अधुरो कार्यमै भुक्तानी पाएको प्रति प्रभु साहको आपत्ति

मधेशदृष्टि
रौतहट ।
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले पूल निर्माणको काम पूरा नहुँदै ठेकदारले पुरा भुक्तानी कसरी पाए भन्दै प्रश्न गरेका छन् ।
रौतहट क्षेत्र नम्बर ३ का संघिय सांसद समेत रहेका पूर्वमन्त्री साहले वीरगंज, कलैया, कटहरिया जोड्ने मुख्य सडकखण्ड अन्तर्गत मालाही गाउँ छेउको पूल निर्माणको काम पूरा नहुँदै ठेकदारले पुरा भुक्तानी कसरी पाए भन्दै प्रश्न गरेका हुन् ।
त्यस्तै उनले गण्डक जोडने पूल बंङ्गरी र दूधौरा, खोला पुल भत्केर आवत जावतमा स्थानीयलाई समस्या भएको हुँदा सम्बन्धित निकायको ध्यान जान जरुरी रहेको भन्दै सरकारको ध्यान आकर्षण गरेका छन् ।
आइतबारको प्रतिनिधिसभाको बैठकमा सुन्य समयमा बोल्दै साहले सरकारलाई त्यसबारे जानकारी गराएका थिए ।
त्यस्तै रौतहट जिल्लाको कलैया कटहरिया सडक खण्ड अन्तर्गत पर्ने मलाही पेटभर्वा पुलको केहि दिन अगाडि निरीक्षण गर्दा पूल झण्डै २०७० सालमा ठेका भएको थियो ।
तर जिल्ला समन्वय समिति रौतहटले २५ प्रतिशत कामै नगरी ठेकेदारलाई पूरा भुक्तानी गर्नु नै रहस्य रहेको उनले बताए ।
अहिले रातको दिन र दिनको रात बनाउने भ्रष्ट कर्मचारीलाई कानूनको दयारामा ल्याउने माग गर्दै सम्बन्धित निकायसँग पूर्वमन्त्री प्रभू साहले सभामुख समक्ष सरकारलाई ध्यान आकर्षण गराए ।
यसअघि जिल्ला समन्वय समिति रौतहटका सभापति नेपाली कांग्रेसका रामएकवाल यादव रहेको समयमा तत्कालीन ठेकेदारसमेत रहेका प्रदेश सांसद नागेन्द्र साहले निर्माण गरेको पुलको काम पूरा नहुँदै धरौटी समेतको भुक्तानी लिएका थिए ।

# ग्रामीण बासिन्दा सुरक्षित गर्भपतन सेवाबाट वञ्चित



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका ग्रामीण भेगका बासिन्दा सुरक्षित गर्भपतन सेवा लिनबाट वञ्चित भएका छन् । पर्साको ठोरी, जिराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, छिपहरमाई, धोबीनी लगायतका बासिन्दा यो सेवा पाउनबाट वञ्चित भएका हुन् ।महिलाले गर्भाधारण गरेको १२ हप्तासम्म गर्भपतन गर्ने कानूनी व्यवस्था छ । तर उक्त गाउँपालिकाहरुमा दर्जनौ स्वास्थ्य सस्थां सञ्चालनमा रहेपनि सुरक्षित गर्भपतनको भने अभाव रहेको स्थानियको भनाइ छ ।
त्यस भेगका महिला सेवा लिन वीरगञ्जस्थित मेरी स्टोप्स पुग्ने गरेका छन् । त्यस्तै वीरगंजको नारायणी अस्पताल र विभिन्न निजी अस्पतालमा शुल्क तिरेर यो सेवा लिने गरेका छन् ।स्वास्थ्यकर्मीलाई गर्भपतनसम्बन्धी तालिम दिनुपर्ने स्वास्थ्य कार्यलय पर्साकी मिरा यादवले बताइन् । तर हाल तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको अभावका कारण सेवा सञ्चालन हुन नसकेको उहाँले भनाई छ । उनका अनुसार पुराना स्वास्थ्यकर्मी तालिमप्राप्त थिए ।त्यस्तै ठोरी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रमेश थिङले सुरक्षित गर्भपतनसम्बन्धी दक्ष जनशक्ति नभएका कारण सेवा सञ्चालनमा आउन मुस्किल भएको बताए । सुरक्षित गर्भपतनसम्बन्धी तालिमका लागि प्रदेश स्वास्थ्य तालिम केन्द्रमा माग गरिएको थिङको भनाई छ ।
पोखरिया नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेश सोलेन्द्र मिश्रले नगरभित्रका पोखरिया अस्पतालमा मेडिकल र सर्जिकल दुर्व प्रकारका गर्भपतन सेवा सञ्चालनमा रहेको बताए । मिश्रले अस्पतालबाट मासिक ५५ देखि ६५ जना महिलाले सुरक्षित रुपले गर्भपतनको सेवा लिदैं आईरहेका बताए ।

# गहवामाई रथयात्राको तयारी पुरा



**मधेशदृष्टि**
**वीरगंज ।**
गहवामाई मन्दिरको ११ औ वार्षिकोत्सबको अवसरमा असार ५ गते विहान निस्कने भव्य रथ यात्राको तयारी पुरा भएको छ ।
गहवामाई मन्दिर परिसरमा आइतबार रथ यात्रा तयारी समितिले पत्रकार सम्मेलनको आयोजना गरी रथ निर्माणको काम सम्पन्न भएको र रथ यात्राको तयारी समेत पुरा भएको जनाएको छ । गहवामाई मन्दिर अगाडि नै निर्माण गरिएको काठको भव्य रथ विहान माईस्थानदेखि घण्टाघर सम्म गुडाएर परिक्षण समेत गरिएको थियो । असार ५ गते गहवामाई मन्दिर परिसरबाट विहान ६ बजे रथ यात्रा निकालिने आयोजक समितिले जनाएको छ । रथको रंगरोगन बाहेक निर्माणको अन्य काम पुरा भएको गहवामाई रथ यात्रा समितिका अध्यक्ष श्याम पोखरेलले बताए । रथलाई गहवामाई मन्दिरको आकृतिसँग मिल्दोजुल्दो गरी बनाईएको छ । नेपाल र भारतका ख्याति प्राप्त कालीगढहरुले निर्माण गरेको हिन्दुहरुको आस्था गहवामाईको वीरगंजको इतिहासमै पहिलो पटक रथ यात्रा निकाल्न लागिएको र सो धार्मिक यात्रामा ३० देखि ३५ हजार भक्तजनहरु सहभागी हुने अनुमान गरिएको समितिका अध्यक्ष पोखरेलले बताए ।
कार्यक्रमलाई भब्य र सभ्य पार्न बारा, पर्सा र रौतहटका भक्तजनहरुलाई रथ यात्रामा सहभागी हुन आह्वान गरिएको छ । गहवामाई मन्दिरको ११ औं वार्षिकउत्सवको अवसर पारेर रथ यात्रा निकाल्न लागिएको हो ।
गहवामाई मन्दिर समितिले अव हरेक बर्ष स्थापना दिवसको अवसर पारेर रथ यात्रा निकाल्ने निर्णय गरेको अध्यक्ष पोखरेलले जानकारी दिए ।
गहवामाईको रथ निर्माणमा करिब ४ सय घनफिट काठ प्रयोग गरिएको रथयात्रा समितिले जनाएको छ । रथको डिजाईन र निर्माण गर्ने कारिगर नेपालकै रहेका छन् । रथ निमार्णमा मात्रै २० देखि २५ लाख खर्च लाग्ने अनुमान गरिएको छ । हाल सम्म बीरगंज महानगरपालिकाबाट विशेष सहयोग प्राप्त भएको र विभिन्न चन्दातादाहरुले ३०लाख रुपैया चन्दा दिएको बताउदै रथ यात्रामा ४०लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष पोखरेलले बताए ।
रथयात्रा असार ५ गते बिहान ६ बजे गहवामाई मन्दिरको प्राङ्गणबाट निकालेर रेलवे रोड हुँदै स्वर्गिय गिरिजा प्रसाद कोइरालाको छपकैया स्थित शालिकबाट घुमेर मेनरोड हुँदै अलखियामठ, आदर्शनगर, माईस्थान भएर पुन गहमावमाई मन्दिरमा पुगेर समापन गरिने आयोजक समितिले जनाएको छ । रथ यात्रा पछि वृहत रुपमा भजन किर्तनको आयोजना गरिने र ६ गते साँझ महाप्रसाद वितरण गरी कार्यक्रम समापन गरिने गहवामाई मन्दिर व्यवस्थापन समितिले जनाएको छ

# नि:शुल्क स्वास्थ्य शिविरमा उल्लेख्य सहभागीता




**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ सिमरा स्थित अल्पाइन अस्पतालद्वारा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा आठ सय भन्दा बढीले स्वास्थ्य परिक्षण गराएका छन् । शिविरमा पाँच सय महिलासहित आठ सय ५७ जनाले स्वास्थ्य परिक्षण गराएका हुन् । शिविरमा नेपाल र भारतका दक्ष चिकित्सकद्वारा बाल रोग, मुटु, रक्तचाप, हाडजोर्नी, नशा, प्रसुती, बाथ, नाक, कान, घाँटी, आँखा, थाइराइडको निःशुल्क उपचार गरिएको थियो । शिविरमा डा. कृष्ण अधिकारी, डा. प्रशान्त कर्ण, डा. पुष्पराज अधिकारी, डा. उज्वल दास, डा. अनिल पुकार साह, डा. सिम्पल गुप्ता, डा. प्रकाश शाह, डा. शैलेशकुमार शाह, डा. बबिता चौधरी, डा. अभिषेक ठाकुर, डा. नवीन लेखक, डा. स्लेस्मा रिजाल, डा. निल्मणी प्रियदर्शी, डा. जितेन्द्र गिरीसहित १६ जना चिकित्सकहरुले विरामीको स्वास्थ्य परिक्षण गरेका थिए ।
शिविरमा चिकित्सकले स्वास्थ्य जाँच गर्नुका साथै परामर्शपनि दिएका थिए । एकै स्थानमा १६ जना विज्ञ चिकित्सकको उपस्थितिमा शिविरको आयोजना गरिएपछि स्वास्थ्य जाँच गर्न स्थानीयको भिड लागेको थियो ।
अल्पाइन अस्पतालका संचालक शिवकुमार शर्माले एकै स्थानमा स्वास्थ्य सम्बन्धि विभिन्न समस्याको उपचार गर्नका लागि वृहत् स्वास्थ्य शिविरको आयोजना गरिएको बताए । उनले स्वास्थ्य शिविरलाई आगामी दिनमा निरन्तरता दिदै जाने र सेवाग्राहीको आवश्यकता अनुसार अस्पतालले विज्ञ चिकित्सक उपस्थितिमा स्वास्थ्य सेवा प्रवाह गर्ने समेत जानकारी दिए ।

# मधेश सरकारले यातायात व्यवस्था कार्यालय संचालन गर्ने




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेस प्रदेश सरकारले आगामी आर्थिक बर्षदेखि वीरगंजमा रहेका यातायात कार्यालय सवारी र सवारी चालक अनुमती पत्र कार्यालयलाई एकीकरण गरि यातायात व्यवस्था कार्यालय वीरगंजको रुपमा सञ्चालन गर्ने भएको छ । मधेस प्रदेश सरकारले आर्थिक बर्ष २०८०/०८१ को लागि सार्वजनिक गरेको बजेट बक्तव्यमा अलग अलग प्रकृतिका दुवै कार्यालयलाई एउटै कार्यालयको रुपमा एकीकरण गरी यातायात व्यवस्था कार्यालयको नाउँबाट सेवा सञ्चालन गर्ने भएको हो ।
वीरगंजमा रहेको यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको चाप बढेको भन्दै ५ बर्ष अघि सरकारले यातायात कार्यालयलाई सवारी र चालक अनुमति पत्र वितरण कार्य अलग अलग कार्यालयको रुपमा गर्दै आएको थियो । मधेस सरकारले मधेसका ८ जिल्लामा यातायात व्यवस्था जिल्ला कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने भएको छ ।
सरकारले जारी गरेको बजेट बक्तब्यमा सवारी साधनको कर तथा नविकरण शुल्क उठाउनका लागि कार्यालय स्थापना गर्न लागिएको हो । मधेस सरकारले करदाताहरुलाई सरल र सहज रुपमा सेवा प्रदान गर्न र राजश्व संकलनलाई प्रभावकारी बनाउन ८ वटा जिल्लामा यातायात कार्यालय स्थापना गर्न लागेको हो । त्यसैगरी बाराको कलैया र सर्लाहीको मलंगवामा यातायात व्यवस्था कार्यालय स्थापना गरिने भएको छ । वीरगंजमा हुने सवारी साधनको दर्ता, नविकरण र चालक अनुमति पत्र लिनका लागि कलैया र मलंगवामा समेत कार्यालय स्थापना गर्न लागिएको मधेस प्रदेश सरकारले जनाएको छ । यातायात सेवा केन्द्रलाई स्तरोन्नती गरी कार्यालयको रुपमा सेवा संचालन गरिने भएको छ । प्रदेश सरकारले सवारी चालक अनुमतिपत्र प्राप्त गर्न कठिन भएको स्थितीलाई ध्यानमा राख्दै आगामी आर्थिक बर्ष देखि सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड)को छपाई कार्य प्रदेश सरकारले नै गर्ने भएको छ । सरकारले स्मार्ट कार्ड छपाईका लागि ३० करोड रकम विनियोजन गरेको छ । मधेस प्रदेशमा विद्युतिय सार्वजनिक सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारमा बजेट व्यवस्था गरिएको प्रदेश सरकारले जनाएको छ । प्रदेश सवारी तथा यातायात व्यवस्था सम्वन्धि ऐन आगामी आर्थिक बर्ष देखि लागु गर्न संघीय सरकारसँग समन्वय गर्ने भएको छ । सवारी तथा यातायात व्यवस्थ ऐन बमोजिम ट्राफिक प्रहरीले उठाउने जरिवाना बापतको रकम आगामी आर्थिक बर्ष देखि प्रदेश संचित कोषमा जम्मा गर्न संघीय सरकारसँग समन्वय गरिने भएको छ । अहिले सम्म ट्राफिक प्रहरीले उठाएको रकम संघीय सरकारको खातामा जम्मा हुदै आएको छ । सवारी साधन कर तर्फ आगामी आर्थिक बर्षमा कानुनले निर्धारण गरेको तौल भन्दा अधिक तौल ढुवानी गर्ने सवारी साधनलाई थप जरिवाना लगाउने व्यवस्था बजेटमा गरिएको छ । बाराको पथलैयाबाट सवारी रुट इजाजत जारी गर्ने व्यवस्था मिलाइएको छ ।

# नालामाथि बनेका भवन संरचना हटाउन महानगर प्रमुख सिंहको निर्देशन





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले वीरगंजमा रहेका ठूला नाला सरसफाइमा अफठ्यारो भएपछि नालामाथि बनेका भवन सहितका संरचना हटाउन निर्देशन दिएका छन् ।
महानगरको मुख्य सडकको बिचमा पर्ने ठूला नालामाथि शैक्षिक संस्थाको भवनदेखि वित्तीय संस्था र होटल समेत रहेका छन् ।
वर्षायाम अगाडि वीरगंजको मुख्य नाला सफाइका क्रममा निर्मित संरचनाले बाधा पुऱ्याएपछि त्यसलाई हटाउन नगर प्रमुख सिंहले निर्देशन दिएका छन् । नालामाथि कर्पोरेट डेभलपमेन्ट बैंक रहेको घर, क्लासिक होटल रहेको घर, हरिखेतान बहुमुखी क्याम्पससहितका घरहरु निर्मित छन् । घरका कारण महानगरको सफाइ उपकरण र वाहन त्यहाँ जान नसक्दा राम्ररी सफाइ हुनसकेको छैन । आइतबार विहान मुख्य नाला सफाइको अनुगमन गर्दै नगर प्रमुख सिंहले नालामाथिको अवैध र अतिक्रमीत संरचना भत्काएर भएपनि नाला सफाइको काम जारी राख्न निर्देशन दिएका हुन् । पानी पर्नासाथ त्यसको निकास नहुँदा बर्षायाममा बीरगंज जलमग्न हुने समस्या समाधानका लागि वीरगंज महानगरपालिकाले जिल्ला प्रशासन कार्यालय पर्सा सँगैको ठूलो नालामा सफाइ गरेको छ । नाला सफाई गर्न क्रममा त्यहाँ रहेको पर्खालसमेत भत्काउनु परेको महानगरपालिकाको सरसफाई महाशाखा प्रमुख सर्फुदिन मियाँले बताए । नाला सफा गरिएसँगै डुबानको जोखिम कम भएको मियाँले बताए । वीरगंज महानगरपालिकाले यसअघि पटक-पटक सूचना जारी गर्दै नालामाथिको निर्मित संरचनाहरु आफै हटाउन निर्देशन समेत दिएको छ ।

# आइटी आर्मीद्वारा परवानीपुरलाई ज्ञापन



**मधेशदृष्टि**
**वीरगंज ।**
आमजनता पार्टीका भातृसंगठन आईटी आर्मी परवानिपुर गाउँपालिका कमिटिले परवानीपुर गाउँपालिकालाई विभिन्न तीन वुंदे मागपत्र सहित ज्ञापनपत्र वुझाएको छ । आर्मीले गाँउपालिकाले शुनय कर नीति लागु गर्नुका सार्थ जनताबाट उठाउने सबै कर निशुल्क गर्नुपर्ने, गाँउपालिकामा बसोबास गर्ने सम्पुर्ण जनताको विजुली र पानी महसुल निशुल्क गर्नुपर्ने र गाउपालिकामा भइरहेको सम्पुर्ण भागबण्डा बन्द हुनुपर्ने माग सहित गाँउपीलका उपाध्यक्षलाई ज्ञापनपत्र वुझाएको हो ।
कार्यक्रममा आई टि आर्मी परवानिपुर गाउँकमिटि अध्यक्ष रनजन साहको नेतृत्व र बिशेष उपस्थिति आमजनता पार्टी बारा अध्यक्ष उमेश कुशवाहा, आम विद्यार्थी मोर्चा मधेश प्रदेस सह-इन्चार्ज दिपेद्र साह,आमजनता पार्टी नेता मदन साह , बिनोद कुशवाहा लगाएतको सहभगिता रहेका थियो ।

# माछा मरेको भन्दै गाँउपालिकासँग क्षतिपुर्ति माग




**मधेशदृष्टि**
**वीरगंज ।**
जनप्रतिनिधिको अवरोधका कारण पोखरीको माछा मरेको भन्दै पर्सा धोवीनी गाउँपालिकाका एक किसानले क्षतिपूर्तिको माग गरेका छन् ।
गाउँपालिकालाई तिर्नुपर्ने ठेक्का बापतको रकम नतिरेको भन्दै जनप्रतिनिधिले पोखरीबाट माछा झिक्न नदिएपछि लाखौ मूल्यका माछा पोखरीमै मरेको अवस्थामा रहेको माछापालक किसानले बताएका छन् ।
धोबिनी गाउँपालिकाको लापरवाहीका कारण पोखरीको सम्पूर्ण माछा मरेर लाखौ मूल्य बराबरको क्षती पुगेको माछा पालक किसान एनुल मियाँले बताए ।
गाउँपालिकाले आठ महिना देखि ठेक्काको रकम नबुझाएको भन्दै पोखरीको माछा मार्न रोक्का गरेको थियो । तर गत जेष्ठ ३० गते पोखरीबाट माछा मार्ने र किस्ताको रकम दिने शर्तमा लिखित फुकुवा पत्र दिएपछी मात्र पोखरी सञ्चालक एनुल मियाँले असाढ १ गते पोखरीमा रहेको माछा मार्न सुरु गरेका थिए ।
सोही समयमा पुनः गाउँपालिकाका निमित्त प्रशासकिय अधिकृत संजय यादव र वडा अध्यक्ष मनाउर मियाँको निर्देशनमा मातहतका कर्मचारी, गाउँपालिका कार्यालय, प्रहरी र वडाको कर्मचारीहरुले पोखरीमा गई माछा मार्न रोक लगाएको बताईएको छ ।
त्यस्तै उनीहरुले बिक्री गर्न महाजालमा निकालिएको माछालाई समेत पोखरीमा आफै फाल्न लगाएको मियाँले गुनासो गरेका छन । माछा पोखरीमा फाले लगत्तै माछाहरु मर्न थालेको र भोलीपल्ट शानिबार (हिजो) बिहान जाँदा पोखरीको साना ठुला गरि लाखौ मूल्य बराबरको माछा मरेर पानीमा तैरिएको नगमा माछा पालनका सञ्चालक मियाँको गुनासो छ ।
घटनाबारे आफूले ईलाका प्रहरी कार्यालय लंगडी तथा पोखरियालाई जानकारी गराएको मियाँको भनाइ छ । यता पोखरीमा साना ठूला गरि लाखौं मूल्य बराबरको माछा पोखरीमै तैरिएको प्रहरीले जनाएको छ ।
सञ्चालक मियाँले सात बिगाहामा रहेको उक्त पोखरी ९९ लाख ३६ हजारमा पाँच वर्षको लागि ठेक्का लिएर माछा पालन गर्दै आइरहेका थिए ।
गाउँपालिकाका जनप्रतिनिधिहरुको गलत निर्णयको कारण पोखरीको माछा मरेकोले उक्त माछामा भएको लगानी सहित माछाको क्षतिपूर्तिको दिनुपर्ने माग किसान मियाँको छ ।

# दैनिक बचतले बचतकर्ताको पैसा फिर्ता गरेन

**मधेशदृष्टि**
**वीरगंज।**
सहकारी संस्थाहरुले एकपछि अर्को गर्दै बचतकर्ताको करोडौ रुपैया हिनामिना गरी संचालक फरार भएका समाचार सार्वजनिक भएसँगै यता वीरगंजकै माईस्थान स्थित सर्राफ मार्केटमा रहेको दैनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले समेत बचतकर्ताको पैसा फिर्ता नगरेको समाचार सार्वजनिक भएको छ।
दैनिक वचत तथा ऋण सहकारी संस्थाले विगत ६ महिनादेखि सयौं बचतकर्ताको करोडौं रकम फिर्ता नगरेको बचतकर्ताहरुले गुनासो गरेका छन् । विभिन्न बहाना बनाउँदै पैसा फिर्ता गर्न सञ्चालकहरुले आनाकानी गरिरहेको बचतकर्ता बताउँछन् । पैसा फिर्ता माग्न सहकारी पुग्दा अधिकांश समय कार्यालय बन्द रहने गरेको र कार्यालय खुले पनि पैसा फिर्ता गर्न कर्मचारीहरुले अनाकानी गरेको बचतकर्ता सुधान्शु वर्णवालले बताए।
महानगरपालिकामा संचालित सहकारीहरुलाई अनुगमन गर्ने जिम्मा पाएको वीरगञ्ज महानगरपालिका अन्तर्गत सहकारी शाखाका प्रमुख सुनिल कर्णले दैनिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड विरुद्ध बचतकर्ताले उजुरी दिएको बताए।

जिन्दगीमा तेस्को पछाडि कहिल्यै नलाग्नुस्
जसलाई तपाईंले खुसी पार्नु परोस्,
तेस्को पछि लाग्नुस्
जस्ले तपाईंलाई खुसी पार्छ।

## सम्पादकीय

# कृषकलाई ‘मल’ देउ !

मुलुकलाई कृषि प्रधान देश भनेर चिनिन्छ तर यहाँका किसानहरु सधैं मल नपाएर मर्कामा पर्ने समस्या यथावतै छ। वर्षेनी आवश्यक पर्ने बेलामा सरकारले मल उपलब्ध गराउन नसक्दा कृषकहरु मर्कामा पर्ने गरेको अवस्था कायमै छ। अहिले धानबालीको लागि चाहिने युरिया तथा डिएपी मल नपाएर किसानहरु भौतारी रहेका छन्।

फल्न लागेको भदै धानमा हाल्न युरिया मल छैन, सोना मन्सुली धानको बीउ छर्किन डिएपी मल छैन। चाहिने बेलामा किसानहरु वर्षेनी मलको अभाव खेप्दै आएका छन् भने जसोतसो जोहो गरेर भारतबाट लुकाई छिपाई मल किनेर ल्याई आफ्नो जोहो टारेपछि नेपाल सरकारले खरिद गरेको मल नेपाल आइपुग्ने गरेको छ। यो यस वर्षको समस्या होइन, विगत लामो समयदेखि जडा गाडेको समस्या हो। सरकारले कृषकलाई कुन बेला मल चाहिन्छ भनेर अनुगमन नगर्ने गरेको कारण होस् अथवा जानी जानी कालोबजारीमा मल बेच्ने उद्देश्यले होस्, कृषकको समस्या वितेपछि मात्रै सरकारले खरिद गरेको मल आइपुग्ने गरेको छ।

कृषि सामाग्री कम्पनीले हदसम्म मल वितरण गरेतापनि वितरण प्रणाली प्रभावकारी हुन नसक्दा वास्तविक किसानसम्म मल पुग्न सकि रहेको छैन। नेपाल सरकारले कृषकहरुको लागि अनुदानमा उपलब्ध गराएको युरिया तथा डिएपी मल कृषक समक्ष पुग्न नसकेको कारण वर्षेनी कृषकहरुले मलको समस्या झेल्नु परेको छ। एक बोरा मलको लागि कृषकहरु हप्तौ दिनसम्म कृषि सामाग्री कम्पनी धाइरहँदा पनि मल पाउन सक्दैनन्। कृषि सामाग्री कम्पनीबाट मल लैजाने कृषक सहकारी सँस्थाहरुले आफ्नो आसेपासेलाई मात्रै वितरण गर्ने गरेको तथा कालोबजारी गर्ने गरेको कारण वास्तविक किसानहरु १ बोरा मलको लागि भौतारिनु परेको अवस्था छ।

नेपाल सरकारको नियम अनुसार कृषि सामाग्री कम्पनीबाट डिलर लिएका कृषक समूहहरुले मात्रै मल लैजान पाउने प्रावधान छ तर ति समूहमा भएका कृषकहरु बाहेक अन्य कृषकहरुले मल पाउने गरेका छैनन्। कृषि सामाग्री कम्पनीले कागज हेरेर सहकारीलाई बोराका बोरा मल दिन्छन् तर ति मल कहाँ गयो ? किसान समक्ष पुग्यो कि पुगेन ? भनेर अनुगमन समेत गर्दैन। र त्यो अनुगमनको अधिकार स्थानीय तहलाई भएको कारण पनि स्थानीय तहको सिफारिस अनुसार कृषि सामग्री कम्पनीले सहकारीहरुलाई मल दिएर आफ्नो दायित्वबाट पञ्छिने गरेका छन्।

नेपाल भारत सीमा क्षेत्रमा रहेका किसानहरुले हदसम्म भारतबाट मल ल्याएर आफ्नो खेती गर्ने गरेका छन्। मल अभावको गुनासो गर्दागर्दै कृषकहरु थाकी सके। सरकारको भरमा कृषि उत्पादन गर्न सकिँदैन भनेर कृषकहरु बुझि सके। तर सरकारले कृषकको समस्या बुझ्न सकेन। तराईमा सबैभन्दा बढि कृषि क्षेत्र भएतापनि माग अनुसार यहाँका कृषकहरु कहिलेपनि मल पाउन सकेनन्।

नेपाल सरकरले टेण्डर मार्फत किनेको मल पनि समयमा नआउँदा सधैं मल अभावको समस्या झेल्नु पर्ने अवस्था कायमै छ। यस क्षेत्रमा धान बढि उत्पादन हुने गरेको कारण जेठ, असार, साउन र भदौ महिनाको लागि मात्रै मधेश प्रदेशमा युरिया ५० हजार मेट्रिक टन, डिएपी ५० हजार मेट्रिक टन तथा पोटास २० हजार मेट्रिक टन मलको आवश्यक्ता पर्छ तर माग बमोजिम कहिलेपनि मल आयात हुन सकेको छैन।

पर्सा जिल्लामा ४८ हजार ५ सय ३२ हेक्टर खेती योग्य जमिन रहेको जसमा धान, गहुँ मकै बाली लगाउने गरेको अवस्थामा यसको लागि चाहिने मल प्रयाप्त रुपमा आयात हुन नसक्दा पनि मल अभाव सृजना हुने गरेको छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## अचानक जलवायु परिवर्तनका कारण

# अप्राकृतिक मौसम परिवर्तनका कारन,परिणाम र समाधान

नेपालमा प्रायःजोष्ठ तीस गते अर्थात जेष्ठ मसान्ततिर नै आउने हो।बिगतका जलतथा मौसम बिज्ञानकन रेकर्ड अनुसार चाँहि नेपालमा मनसुन प्रवेश हुने समय चांहि जेष्ठ मसान्त नै हुनाले,किसानहरूले तयार पारेका केहि बांचेर रहेका बीऊले असार पन्द्र गते रोप्नीको शुभारम्भ वा श्रीगणेश चांहि गर्न पाउंला नत्र बांकीलाई त पीर नै पर्ने भयो।एक त तिनीहरूलाई कृषि जज्य मल खाद्यको सर्व सुलभ रूपमा उपलब्ध नभएर प्रायः विचल्ली नै हुनेगर्छ। अका तर्फ तिनीहरूका लागि भएका आवश्यक अनुदानका व्यवस्था कागजी मिलानमै सिति भएका हुनाले धेरै नै पीर मार्का पनि सहनु परेको विगतका ईतिहासले बताउंदछ। यसर्थ यस पटक सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको कुरा सराहनिय नै छ।



● उदयकुमार यादव

अत्यधिक गर्मीका कारण के के हुन सक्छहोला?विगतमा भन्दा अचेल प्रकृतिक प्रकोपहरु अस्वभाविक रुपमा प्रतिकृया देखाई राखेकाछन्।जुन मौसम परिवर्तन तीन तीन महिना पछि प्रायः देखिने परिवर्तनका लागि अब एक महिना के एक हप्ता पनि कुर्नु पर्दैन जस्तो लाग्न थाल्यो,किनकी केबल तीन दीनको अन्तरालमा पनि यानेकी बहत्तरी घण्टाकै अन्तरालमापनि मौसम बिग्रेर अप्राकृतिक र अस्वभाविक प्रतिकृयाका साथ परिवर्तन हुंदोरहेछ।अर्थात् यस्तो किन भएको होला त?केही वैज्ञानिक तर्क तथा केही धार्मिक तर्क सहितसमाधान प्रस्तुत गर्दा अति नै सान्दर्भिक होलाकी?सर्ब प्रथम वैज्ञानिक कारणमाथि चर्चा गरौः खगोल शास्त्रका अनुसार पृथ्वीमा असमान रुपमा वा असन्तुलित रुपमा चर्को गर्मी बढनुको प्रमुख कारण चांहि ओजन तह पात्लो हुंदैजानुहो।अनियन्त्रित जनसंख्या वृद्धिबाट पृथ्पीमा कार्बन डाईअक्साईड बढ्यो,बढि धुंवा धुलो र दुषित वातावरणले अक्सीजन लेवल घटेर अनि क्लोरोफीलमै खडेरी लागेर वायु मण्डल नै पातलो भयो,बाक्लो हुनुकोसाटो।

अर्कातिर धार्मिक कारण चाँहि के हुंदा रैछ भन्दखिन जब जब पृवीका मानवता अपवित्र अर्थात् पापले भरदैजान्छ,तब तब यी यस्ता प्रकोप प्रलय र बिनाशकारी गतिबिधीहरु अस्वभाविक तथा अप्रकृतिक रुपमा विसाउंदैजानेछन्।पवित्र शास्त्र बाईबल ( ओल्ड टेष्टामेन्ट) मा यति सम्म व्यक्त गरिएकाछन् कि केबल गर्मीले होईन, विद्याताले आफ्ना रीस पोख्न बाढी पैरो,आगजन्नी गरेर पनि बदला लिनेछन्।यति मात्र कहांहो र?भागवत गीतामा पनि भगवानले जब जब धर्ममाथि ग्लानी र आंच आउनेछन् भने म कुनै न कुनै रुपधारण गरी अधर्मी पापी लाई सर्वनाश गर्नेछु भनी व्यक्त गरेकाछन्।विनाशाय चःःदुष्कृत्तम्..साधुनां परित्राणांयः



हरितभूमि त्रिशंकुल,समुझि परय नहि पंथ।
जिमी पाखंड विवादते,लुप्त भयो सद् ग्रन्थ ॥

अर्थात् यो प्रसंग बीचमा, महान पवित्र ग्रन्थ रमायणबाट लिएकोछु, ,जसमा श्रीरामजी आफना भाइ लक्षमण संग वनमा विचरण गरी राखेका बेला,सम्झाउंदै के व्यक्त गरेका हुन भने,हे लक्षमण हेर त यो घांसहराभरा झारपातले बेस्सरी अंधकार भएर बाटो पनि सुझिदैनन् हे भाई ,ठीक त्यसैगरी हाम्रो आस्तिक र सकारात्मक जीवनमाथि नास्तिक र नकारात्मक तर्क बितर्कले पाखण्ड रुपि विभिन्न धर्मान्तरको विवाद हुन जान्छन् भने,त्याहांबाट ग्रन्थमा व्यक्त सत्य पनि सर्वनास भई यसरी नै लोप भएर जान्छकी चारैतिरबाट केबल अंधेरा अंध्यारो नै छाऊंछ।

तासर्थ वास्तवमा यसरी नियालेर हेदाखेर्री त दुबै कारण सही हो जस्तो लाग्दछ नि?दुष्परिणामहरुःबैज्ञानिक कारण पनि आफ्नो ठाउंमा जायज रहेछ।मानौ पृथ्वीका जन संख्या अनियन्त्रित भयो।अत्यधिक जनसंख्याको चापले वायु प्रदुषण बढेर वायु मण्डल नै दुीष्ट हुंदै गएकोछ। अक्सीजन लेवल घट्दै गई राखेकोछ।मान्छेले शहरीकरण गर्दागदृै वन जंगल हरियाली पनि विनास पारी अत्यधिक भागलाई मरुभुमि तुल्य नै बनाए।अब ओजन तह नै बाक्लोहुनुका साटो पातलो भयो भनेदेखिन,गर्मी त स्वभाविक रुपमा बढदै जाने होनि?केहि दिन यस्तै हुने हो भने दिन प्रतिदिन ओजन तह झन् झन् बाक्लो हुनुका साटो पातलो हुंदैछन् र सूर्यको प्रकाश जब प्रत्यक्ष रुपमा आई पुग्नेहो भन्देखिन महा प्रलय हुन केहि बेर लाग्ने छैनन्,धरती माथिका सबै प्राणी देखि वनस्पति पनि खरानी भइ सर्वनाश हुनेछन्,भने कुरामा कुनै दुई मत चांहि नहोला।

अब धार्मिक कारण पनि एक छिन विश्लेषण गरौ,किनकी धार्मिक कारणले बढिमा मानवता वादी सोंच र अध्यात्मिक चिन्तनमा नै बढि जोर दिन्छन्।वास्तवमा मानिस आफनो नैतिक कर्तव्यमा नलागि हर हमेशा अरुका कुभलो चिताउने र सहयोग प्रेम भावका साटो डाहा ईर्ष्या द्धेश कलह र कलेश नै मचाउनामा लागेको देखिन्छ।यसरी दैविक शक्ति जसले ब्रम्हाण्ड तथा संसारलाई रचना गरेका होलान् त्यसले त केहि राम्रै सोंचेर सृष्टि रचना गरेका होलान्।यसका पछाडि त धेरै ठुलो रहस्य नै होला जस्तो जोकोहीलाई लाग्छहोला राक्षसी प्रवृतिवाला वाहेक।मानौ एकछिन कालागि, हामीलाई सानैदेखि असल र खराब आचरणका परिनाम छुटाछुटै आंउदा रहेछ भने गुरुज्ञान सिकाईयो माता पिताले पनि असल आचरण र राम्रा वाणी वेहोरा नै सिखायनुभो। पछि अनुभवले पनि त प्रमाणित गर्दै गयोनि?तै पनि कदंकदाचित अन्जाम वा धोखाले हामीद्धारा गल्तीमै परिणत भयो भने त्यसले खासै माने चांहि राख्दैन तथापी जानी जानी हामीले नगर्नुपर्ने अन्याय अत्याचार ठक ठकैती चोरी अन्यावश्यक चुगली चापलुसी यदि पेशामै परिणत गर्‍यौ भने त यसलेजहिले पनि दुष्परिणाम नै दिन्छन् दैविक तथा प्रकृतिक शक्तिले दिनैराखेका हुन्छन्,कि त प्रत्यक्ष कि त अप्रत्यक्ष रुपले पनि।

अर्थात् यी यस्ता समाधान तथा प्रकोपबाट बांचिने उपायहरुःअर्थात् अहिले जुन विगत एक हप्ता देखि सहि नसकिने अत्यधिक चर्को गर्मी भै राखेकाथिए् जसलेगर्दा विभन्न ठाउंमा मान्छेहरु विरामी परेर अस्पताल भर्ना भएछन,ति मध्ये कति लुका चपेटामा ज्यानपनि गुमाएका खबर हम्रो नेपल लगायत छिमेकी देश भारतबाट सुनिएकोछ।विद्यालय देखि मठ मन्दिरहरु बन्द गरिएकोछ।किसानहरु बाट लगाईएका बाली विभिन्न तरकारी तथा फल फुलका खेती नस्टखभएर गएकाछन्।यस्तो आफतले विपत्तले गर्दा, तिनीहरुले असारे बाली धान रोप्नीका लागि लगाएका बीऊजन बाली पनि डढेर बिनास हुंदैछन्।यसतो अवस्थामा सरकारले ठाउंउंमा गरेका नलढल तथा सिंचाईको व्यवस्थाले नगन्य रुपमा नै केहिमात्र पच्चीस देखितीस प्रतिसत किसानले राहत पाएका होलान् ,बांकी असी प्रतिसत जनताले अकाशे पानी अर्थात् मनसुनका प्रतिक्षामा नै छन्।तसर्थ किसानले ठाउंठाउंमा कसरी सिंचाईको राहत पाउने त्यसको व्यवस्था सरकारले र सम्बन्धित् सबै पक्षले उचित बन्दोवस्त चांहि मिलाईदिनु परयो।हामीले पनि आआफनो स्तरबाट पहिलाजति अटोमैटीक पाईप देखि कुवां कुलोहरु खनाएर पानिका श्रोत दिन प्रतिदिन जुटाई राख्नु पर्दछ,किनकी अकाशे पानी भनेको कहिलेकाहिं अकाशको फल आंखा तरिमर भने झैं सपना हुंदोरहेछ नि?

नेपालमा प्रायःजाोष्ठ तीस गते अर्थात जेष्ठ मसान्ततिर नै आउने हो।बिगतका जलतथा मौसम बिज्ञानकन रेकर्ड अनुसार चाँहि नेपालमा मनसुन प्रवेश हुने समय चांहि जेष्ठ मसान्त नै हुनाले,किसानहरुले तयार पारेका केहि बांचेर रहेका बीऊले असार पन्द्र गते रोप्नीको शुभारम्भ वा श्रीगणेश चांहि गर्न पाउंला नत्र बांकीलाई त पीर नै पर्ने भयो।एक त तिनीहरुलाई कृषि जज्य मल खाद्यको सर्व सुलभ रुपमा उपलब्ध नभएर प्रायः विचल्ली नै हुनेगर्छ। अका तर्फ तिनीहरुका लागि भएका आवश्यक अनुदानका व्यवस्था कागजी मिलानमै सिति भएका हुनाले धेरै नै पीर मार्का पनि सहनु परेको विगतका ईतिहासले बताउंदछ।यसर्थ यस पटक सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको कुरा सराहनिय नै छ।उत्पादन र उत्पादकत्व बढाउन चाँहि जोर दिएर नै कृषि अनुदानलाई उत्पादनमा अधारित बनाउने भएको देखिन्छ। किनकी विगतमा कागजी मिलानमा नै व्यापक गुनासो देखिन्थ्यो। त्यसकारन त्यस्ता गुनासो सम्बोधन गर्ने दृष्टिोणले नै यस पटक उत्पादन साथमा उत्पादन हातमा भन्ने नारा तय गरी सिधै उत्पादक किसानकै हातमा अनुदान दिने नीति तिनीहरुका लागि सुवर्ण अवसर नै सावित भएकोछ।

# भारतीय पक्षको अनाधिकृत कार्यहरुको छानबिन गर्न माग



रासस
काठमाडौं।

सांसद ठाकुरप्रसाद गैरेले भारतले कपिलवस्तु र लुम्बिनीलाई आफ्नो सदनमा नक्साङ्कन गरी अत्यन्तै गलत काम गरेको टिप्पणी गरेका छन्। सङ्घीय संसद्, प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा बोल्दै सांसद गैरेले आदिपुरुष सिनेमामा सीता भारतकी छोरी हुन् भन्ने अर्को भ्रमपूर्ण समाचार प्रवाह गर्नेसमेत गरेको भन्दै आपत्ति जनाए।

उनले भने 'सिनेमाका लेखकले नेपाल भारतकै अङ्ग हो भनेर अन्तर्वार्तामार्फत अत्यन्त गलत अभिव्यक्ति दिइरहेका छन्, नेपाल सरकार के गर्दै छ ? के भारत सुगौली सन्धीबाट पछाडी हटेको हो ? सरकार स्पष्ट हुन जरुरी छ, यदि भातरले त्यसो गर्न खोजेको हो भने नेपालको रक्षाको निम्ति जुनसुकै मूल्य चुकाउन तयार छ ।' नेपालको एक इञ्च भूमि पनि कसैलाई सुम्पिन तयार नभएको भन्दै उनले मुलुकका लागि एकजुट हुनुपर्नेमा जोड दिए।

सांसद डोलप्रसाद अर्यालले भारतीय पक्षले नेपालको भूमि अनाधिकृत रुपमा नापजाँच गरेको विषयमाथि सत्यतथ्य छानबिन गर्न माग गरे। उनले भने 'असार १ गते भारतीय टोलीले इन्डियन नेशनल हाइवेयले सर्वे गर्ने भन्दै कञ्चनपुरको भुजेला गड्डाचौकी हुँदै सुक्कासालसम्मको भू-भाग नापजाँच गरेको छ, सर्वेका सामानसहित आएका ती प्रतिनिधि प्राविधिक नेपाल प्रवेश गर्दा पनि सिमानामा सुरक्षामा खटिएका सुरक्षाले भने सुइँकोसमेत पाएनन्, के उनीहरुलाई जागिर खानका लागि मात्रै सिमानामा खटाइएको हो ?'

सांसद तारा लामा तामाङले गएराति कोशी प्रदेशका विभिन्न जिल्लामा आएको बाढीका कारण २५ जना बेपत्ता भएको र धनजनको क्षतिप्रति दुःख व्यक्त गरे। उनले देशैभरिका सामुदायिक विद्यालयका कर्मचारीको जायज माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए। सांसद डा. तोसिमा कार्कीले कालोबजारी मौलाउँदै गएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् । सांसद दयालबहादुर शाहीले बाजुरा जिल्लामा भएको अविरल वर्षाका कारण त्यहाँका दलित समुदाय विस्थापित हुनुपरेको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद दीलेन्द्रप्रसाद बडूले आन्दोलनरत शिक्षकका माग वार्ताका माध्यमबाट समाधान गर्नुपर्नेमा जोड दिए। सांसद दीपकबहादुर सिंहले खडेरीका कारण किसानको अन्नबाली नाश भइरहेको उल्लेख गर्दै धानको बीउ लगाउने बेलामा मलको हाहाकार भइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद दामोदर पौडेल वैरागीले शिक्षा सेवा नियमावली जतिसक्दो चाँडो ल्याउन माग गरे। सांसदहरु दुर्गा राई, दीपा शर्मा, पुष्पबहादुर शाह, पूर्णबहादुर घर्तीमगर, प्रतिमा गौतम, प्रतिक्षा तिवारी, धनबहादुर बुढा, ध्रुवबहादुर प्रधान, निशा डाँडी, प्रभु शाह, प्रमु हजारा दुसाद, प्रेमबहादुर महर्जन, प्रेम सुवाल, वासुदेव घिमिरे, विन्दावासिनी कङ्साकार, विनिता कठायत, नवलकिशोर शाह, नारायणप्रसाद आचार्य, नागिना यादव र नारायणी शर्माले नागरिकता, खानेपानी, बाढिपहिरो, अविरल वर्षा, यातायातलगायत मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए।

# नेप्सेको उकालो यात्रा कायमै

रासस
काठमाडौं।

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको उकालो यात्राले यो साता कारोबारको पहिलो दिन पनि निरन्तरता पाएको छ। आइतबार नेप्से परिसूचक ५२ दशमलव २६ अङ्कले बढेर दुई हजार ९४ दशमलव ३३ को बिन्दुमा पुगेको हो । नेप्सेका अनुसार विभिन्न दुई सय ८० कम्पनीका एक करोड २० लाख ९५ हजार नौ सय ६६ कित्ता शेयर चार अर्ब ८६ करोड ९१ लाख ८४ हजार १६ रुपैयाँमा खरिदबिक्री भएको छ।

आइतबार बैंकिङ समूह तीन दशमलव ५५ अङ्कले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धैरै जीवन बीमा समूहको उपसूचकमा छ सय ९४ दशमलव १४ र निर्जीबन बीमा समूहको उपसूचकमा पाँच सय दशमलव ३० अङ्कको वृद्धि देखिएको छ। विकास बैंक ५० दशमलव १२, वित्त ३५ दशमलव ७७, होटल तथा पर्यटन दुइ सय ९४ दशमलव ४०, जलविद्युत् एक सय दुइ दशमलव ०१, लगानी एक दशमलव ०४ र उत्पादन तथा प्रशोधन समूह एक सय ४२ दशमलव ०१ अङ्कले बढेको छ। त्यस्तै, लघुवित्त समूहको उपसूचक एक सय तीन दशमलव ५२, म्युचुअल फन्ड शून्य दशमलव १२, व्यापार ८७ दशमलव ०८ र अन्य समूह ८६ दशमलव ३० अंकले बढेको छ।

आइतबारको कारोबारामा २८ वटा कम्पनीको शेयर मूल्यमा मात्रै गिरावट देखिँदा छ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रभु लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, ग्रीन भेञ्चर्स लिमिटेड, सुपर मादी हाइड्रोपावर लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र मेन्छियाम हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो।

सबैभन्दा धैरै गुमाउनेमा शुभम् पावर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ५८ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धैरै शिवम् सिमेन्ट लिमिटेडको ३६ करोड ६४ लाख ९९ हजार एक सय ५८ रुपैयाँ बराबरको छ लाख ४९ हजार छ सय पाँच कित्ता शेयर खरिद बिक्री भएको छ।

प्रदेशका राजस्व नीति :

# सवारी दर्ता सरुवामा छुट, मनोरञ्जन र विलासितामा थप कर

**रासस**
**काठमाडौं।**

सात वटै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट सार्वजनिक गरिसकेका छन् । अध्यादेशमार्फत बजेट ल्याएको कोशी प्रदेशबाहेक बाँकी सबै प्रदेशले विनियोजन विधेयकसँगै आर्थिक विधेयक पनि प्रदेशसभामा पेस गरिसकेका छन् । कोशी प्रदेशले अध्यादेशबाटै आफ्नो राजस्व नीतिमा केही संशोधन गरेको छ । प्रदेश सरकारहरुको स्रोत व्यवस्थापनमा आफ्नै राजस्वबाट सङ्कलित स्रोत कम र सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको हिस्सा निकै धेरै छ। सो कारण आन्तरिक राजस्वको हिस्सा बढाउन प्रदेशले करका दर र दायरा दुवै बिस्तारमा जोड दिएका छन्।

सवारीसाधन कर, घरजग्गा दर्ता, पर्यटन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा लाग्ने कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवानालगायतका रावस्वसम्बन्धी अधिकार प्रदेशले पाएका छन् । संविधानप्रदत्त अधिकारअनुसार यी क्षेत्रलाई समेटेर प्रदेशले हरेक वर्ष आफ्नो राजस्व नीति तर्जुमा गर्दै आएका छन् । प्रदेशको एकल र साझा अधिकार क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायरा विस्तार गरी आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने, कर प्रणालीलाई सहज र प्रविधिमैत्री बनाउने, कर संरचना र दरमा परिमार्जन गरी समायानुकूल बनाउने, कर छली तथा राजस्व नियन्त्रणमा जोड दिनेलगायत विषयलाई मुख्य प्राथमिकतामा राखेर प्रदेशहरूले आफ्नो राजस्व नीति सार्वजनिक गरेका छन्।

सवारीसाधनको दर्ता सरुवामा छुट दिने, २० वर्षभन्दा पुराना सवारीसाधन प्रयोग निरुत्साहन गर्ने, घरजग्गा रजिष्ट्रेसन र नामसारी प्रक्रिया सहज बनाउने, उत्पादनका लागि प्रयोग हुने जग्गाको दर्ता तथा नामसारीमा केही छुट, लामो समयदेखि नवीकरण नभएका व्यावसायिक फर्मको जरिवाना छुटलगायतका केही समान व्यवस्था प्रदेशका आर्थिक विधेयकमा परेको देखिन्छ।

**कोशी प्रदेश**

कोशी प्रदेशले निजी सवारीसाधन लाग्ने सवारीसाधन करमा एकमुष्टरुपमा दुई वर्षदेखि पाँच वर्षसम्मका लागि बुझाई नवीकरण गर्न सकिने व्यवस्था गरेको छ। अन्य प्रदेशको सरुवा सहमतिबाट चालु आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा दर्ता भएका सवारी साधनलाई आगामी आर्थिक वर्षका २०८०/८१ मा लाग्ने सवारी करमा ५० प्रतिशत छुट दिइएको छ।

कोशी प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रतिबोरा (५० किलो) मा एक रुपैयाँका दरले र इँटा उद्योगले उत्पादित इँटामा प्रतिहजारमा एक सय रुपैयाँका दरले वातावरण तथा औद्योगिकरण व्यवस्थापन दस्तुर लगाउने निर्णय गरेको छ । यसअघि प्रदेशभित्र उत्पादन भएको सिमेन्टमा प्राकृतिक स्रोत उपयोग बापत प्रतिबोरा लगाइएको तिर्न बाँकी शुल्क २०८० पुस मसान्तसम्म एकमुष्ट ५० प्रतिशत बुझाएमा बाँकी शुल्क, जरिवाना र ब्याज छुट दिइने जनाइएको छ।

विगतका आर्थिक वर्षमा मनोरञ्जन कर तिर्न बाँकी करदाताले २०८० पुस मसान्तसम्म सबै वक्यौता कर एकमुष्ट बुझाएमा त्यसमा लाग्ने ब्याज छुट दिने पनि प्रदेश सरकारले घोषणा गरेको छ । स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाइएको छ।

तोकिएको समयमा नवीकरण गर्न छुट भएका निजी तथा साझेदारी फर्महरुले नवीकरण वा खारेजीका लागि २०८१ असार मसान्तसम्म निवेदन दिएमा तीन वर्षको नवीकरण अवधि मानी प्रत्येक नवीकरण अवधिका लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई फर्म नवीकरण वा खारेजी गर्न सकिनेछ । कोशी प्रदेशले करको दायरा विस्तार गर्न राजस्व व्यवस्थापन निर्देशनालयको गठन गर्ने बजेटमा उल्लेख छ।

**मधेस प्रदेश**

मधेस प्रदेश सरकारले सामुदायिक विद्यालयको आफ्नो नाममा रहेको













विद्यार्थी ओसार्न प्रयोग गरिने बस तथा मिनिबस, माइक्रोमा लाग्ने सवारी साधनको करमा ५० प्रतिशत कर छुट दिएको छ।

सवारीसाधन कर तथा जग्गा रजिष्ट्रेशन दस्तुरलगायतका प्रदेश तथा स्थानीय तहबाट बाँडफाँट हुने राजस्वलाई स्थानीय तहसँग समन्वय गरी मासिक रुपमा राजस्व बाँडफाँट गर्ने नीति मधेस प्रदेशले लिएको छ। सवारीसाधनको कर सङ्कलन सहज बनाउनका लागि मधेस प्रदेशका सबै जिल्लामा यातायात व्यवस्था कार्यालय स्थापना गरिने पनि प्रदेशको आगामी आर्थिक वर्षको बजेटमा उल्लेख छ।

**बागमती प्रदेश**

काठमाडौं उपत्यका, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगर क्षेत्रबाहेक प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापना गर्नका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट दिएको छ। बागमती प्रदेशलाई लगानीमैत्री प्रदेशका रुपमा स्थापना गर्न यस्तो छुट दिइएको प्रदेश बजेटमा उल्लेख छ। यस्तो छुट काठमाडौं उपत्यकाभित्र सञ्चालित उत्पादनमूलक उद्योगले आफ्नो कारखाना उपत्यका बाहिर गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमासमेत पाउनेछन्।

बागमती प्रदेशले घरजग्गा रजिष्ट्रेशन शुल्कमा संशोधन गरेको छ । घरजग्गा कारोबारमा लाग्दै आएको बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क र नारायणी तथा राप्ती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क आगामी आर्थिक वर्षदेखि नलाग्ने व्यवस्था गरिएको छ । बागमती प्रदेशभित्रका सामुदायिक वनबाट उत्पादन भई बाहिर बिक्रीवितरण गरिएका वन पैदावारबाट सङ्कलित रकमको २० प्रतिशत रकम सेवा शुल्कबापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था लागू गरिएको छ। बागमती प्रदेशभित्र सञ्चालनमा रहेका सीमाको आकाशे पुल (स्काइ टावर) भ्यूटावर, स्वीङ र केबलकारमा पाँच प्रतिशत मनोरञ्जन कर थपिएको छ। यो प्रदेशमा उद्योग व्यवसायमा लाग्ने करका दरमा परिवर्तन गरिएको छैन भने फर्मको नवीकरण गर्ने म्याद समाप्त भएपछि नवीकरण गर्दा लाग्ने जरिवाना रकम घटाइएको छ । महिला, दलित समुदाय, अपाङ्गता भएको व्यक्ति, अल्पसङ्ख्यक र लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिस्ट्रेसन गर्न चाहेमा दर्ता शुल्कमा ५० प्रतिशत छुट लाग्ने व्यवस्था बागमती प्रदेशले गरेको छ । कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनका लागि प्लटिङ सञ्चालन गर्नका लागि खण्डीकरण गर्दा त्यस्तो जग्गाको क्षेत्रफलका आधारमा प्लटिङ शुल्क लाग्ने प्रदेशको बजेट वक्तव्यमा जनाइएको छ।

बागमती प्रदेशका यातायात व्यवस्था कार्यालयमा दर्ता भई २० वर्ष पूरा भएका कारण सञ्चालनमा आउन नसक्ने सार्वजनिक सवारी साधनको २० वर्षको सवारी कर बुझाउँदा बाँकी रहेको कर र नवीकरण दस्तुर २०८० फागुन मसान्तसम्म बुझाएमा त्यसमा थप जरिवाना लाग्ने छैन। विज्ञापन करका लागि कानुनको मस्यौदा तयार पार्ने र प्रत्येक स्थानीय तहले माटो, ढुङ्गा, गिट्टी, बालुवालगायतका प्राकृतिक स्रोतका लाग खोलेको ठेक्काको जानकारी प्रदेशलाई पनि दिनुपर्नेछ । बागमती प्रदेशको राजस्व स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने जनाइएको छ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेश सरकारले पर्यटन शुल्कको दायरा बिस्तार गरेको छ। प्रदेशभित्र बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा त्यस्ता संस्थाले घरजग्गाको एकीकृत कारोबार गर्दा संशोधन शुल्कबाहेक अन्य शुल्क छुट पाउनेछन् । घरजग्गाको रजिष्ट्रेसन लिखत पास गर्नका लागि कैदीबन्दीले डोरमार्फत् लिखत पास गर्न माग गरेमा यसमा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिदेखि हालसम्म सवारीसाधन कर नबुझाएका सवारी धनी २०८० फागुन मसान्तसम्म सवारी कर बुझाउन आएमा आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिको सवारीसाधन करमा लाग्ने जरिवाना छुट पाउनेछन्। गण्डकी प्रदेशका नागरिकले अन्य प्रदेशमा दर्ता गरेका सवारीसाधन २०८१ असार मसान्तसम्ममा गण्डकी प्रदेशमा सरुवा दर्ता गर्न चाहेमा एक पटकका लागि ती सवारी साधनको दर्ता, नवीकरण, र सवारीसाधन करमा पूर्ण छुट पाउनेछन्।

सवारी साधनको आयु २० वर्ष कटी लगत कट्टा नभएका सार्वजनीक सवारीसाधनका धनीले लगत कट्टा गर्न निवेदन दिएमा ती सवारी साधनको २० वर्षपछिको करमा ७५ प्रतिशत छुट दिइएको छ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश सरकारले विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोतको शुल्कको दायरा विस्तार गरेको बजेट प्रदेशको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख छ । नयाँ व्यवस्थाअनुसार लुम्बिनी प्रदेशभित्रका यातायात व्यवस्था कार्यालयबाट सङ्कलन हुँदै आएको टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा लाग्ने सवारीसाधन कर आगामी आर्थिक वर्षदेखि स्थानीय तहले आफैँ उठाउन सक्नेछन्।

इजाजत नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एकपटकका लागि न्यून शुल्कमा इजाजत प्राप्त गर्न वा नवीकरण गर्नसक्ने व्यवस्था बजेटमा राखिएको छ। प्राइभेट तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने जरिवाना तथा शुल्कमा छुट दिइएको छ।

बीस वर्षभन्दा बढी अवधि पूरा भएका तर लगत कट्टा नभएका भाडाका सवारीसाधनको हकमा लगत कट्टा गरी कवाडी वा अन्य वस्तुका रुपमा विस्थापन गर्न त्यस्ता सवारी साधनमा आंशिकरुपमा मात्र सवारी कर लिइ लगत कट्टा गर्नसक्ने व्यवस्था राखिएको छ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशभित्र दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लाग जग्गाको चाख्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुट दिइएको छ । सुर्ती र मदिराबाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क शतप्रतिशत छुट दिने व्यवस्था बजेटमा राखिएको छ । अन्य प्रदेशबाट सरुवा दर्ता सहमति लिई कर्णाली प्रदेशमा दर्ता हुन आएमा व्यक्तिगत सवारीको हकमा दर्ता शूल्कमा शतप्रतिशत छुट दिइएको छ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेशन शुल्क तथा दस्तुरमा संशोधन गरेको बजेट वक्तव्यमा उल्लेख गरेको छ। प्रदेशभित्र स्थायी ठेगाना भएका नागरिकको स्थामित्वमा रहेको अन्य प्रदेशमा दर्ता भएका सवारी साधन प्रदेशभित्र सरुवा गर्दा त्यस्तो सरुवा शुल्मा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। सुदूरपश्चिम प्रदेश सरकारले निजी तथा सार्वजनिक विद्युतीय सवारी साधनमा कर लिने र पेट्रोलियमबाहेक अन्य इन्धनबाट चल्ने सवारी साधनको सवारी करमा २० प्रतिशत कर छुट दिने उल्लेख गरेको छ । त्यस्तै, १० वर्षभन्दा बढी पुराना सवारी साधन अन्यत्र प्रदेशबाट सुदूरपश्चिम प्रदेशमा सरुवा भई आउँदा त्यस्ता सवारीको दर्ता दस्तुरमा २५ प्रतिशत र १५ वर्षभन्दा बढी पुराना सवारी साधनमा ५० प्रतिशत थप रकम असुल गरिने उल्लेख छ।

वन पैदावार बिक्री शुल्क, कृषि सेवा शुल्क तथा दस्तुर र निजी तथा साझेदारी व्यवसाय दर्ता नवीकरण दस्तुरसम्बन्धी व्यवस्था सुदूरपश्चिम प्रदेशको आर्थिक विधेयकमा पहिलो पटक समावेश गरिएको छ। त्यस्तै, मनोरञ्जन कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत सङ्कलन तथा बिक्रीमा लाग्ने करको दायरा बढाइएको छ।

# पेट्रोलियम पदार्थको आयात घट्यो

रासस
नेपालगञ्ज।

नेपालगञ्ज नाकाबाट पेट्रोलियम पदार्थको आयात घटेको छ। भन्सार कार्यालय नेपालगञ्जको तथ्याङ्क अनुसार गत वर्षको भन्दा चालु आर्थिक वर्षको वैशाखसम्म नेपालगन्ज नाका हुँदै आयात हुने वस्तुको सूचीमा सबैभन्दामाथि रहँदै आएको पेट्रोलियम पदार्थको आयात घटेको पाइएको छ।

पछिल्लो १० महिनाको तथ्याङ्क अनुसार नेपालगञ्ज नाका हुँदै भारतबाट १२ अर्ब ९६ करोड १० लाख रुपैयाँ बराबरको एक लाख आठ हजार तीन सय २८ किलोलिटर डिजल आयात भएको छ। डिजल आयातबाट कार्यालयलाई चार अर्ब ६२ करोड २९ लाख रुपैयाँ राजस्व प्राप्त भएको नेपालगन्ज भन्सार कार्यालयका भन्सार अधिकृत डिल्लुप्रसाद शर्माले जानकारी दिए। गत वर्ष सो अवधिमा १३ अर्ब ११ करोड तीन लाख रुपैयाँ बराबरको एक लाख ४१ हजार पाँच सय २८ किलोलिटर डिजल आयात भएको थियो। यसबाट कार्यालयले पाँच अर्ब ५४ करोड २७ लाख रुपैयाँ राजस्व असुल गरेको थियो। वैशाखसम्म तीन अर्ब ८६ करोड ९७ लाख ८४ हजार रुपैयाँ मूल्य बराबरको ३८ हजार आठ सय ७६ किलोलिटर पेट्रोल आयात भएको छ। यसबाट दुई अर्ब २२ करोड ५२ लाख रुपैयाँ राजस्व असुली भएको छ।



गत वर्षको सोही अवधिमा चार अर्ब चार करोड २९ लाख रुपैयाँ बराबरको ४४ हजार नौ सय ७६ किलोलिटर पेट्रोल आयात भएको थियो। पेट्रोल आयात हुँदा दुई अर्ब ५१ करोड ७९ लाख रुपैयाँ राजस्व असुली भएको छ। त्यस्तै तीन अर्ब ९५ करोड ८२ लाख रुपैयाँ बराबरको तीन करोड ४८ लाख ९८ हजार किलो एलपी ग्यास आयात भएकामा गत वर्ष चार अर्ब २६ करोड ८२ लाख रुपैयाँ बराबरको तीन करोड ६९ लाख दुई हजार छ सय ७० किलो एलपी ग्यास आयात भएको शर्माले बताए।

अधिकृत शर्माका अनुसार वैशाखसम्म गत वर्षको भन्दा ६३ करोड २४ लाख रुपैयाँ बराबरको डिजेल, पेट्रोल र एलपी ग्यास आयात घटेको छ भने गत आर्थिक वर्षको भन्दा करिब एक अर्ब २७ करोड तीन लाख रुपैयाँ कम राजस्व सङ्कलन भएको छ।


एलपी ग्यास आयातबाट गत वर्ष ७९ करोड ६१ लाख रुपैयाँ राजस्व असुली हुँदा चालु आर्थिक वर्षमा ७३ करोड ८३ लाख २६ हजार रुपैयाँ मात्र राजस्व असुली भएको छ। कार्यालयले गत आर्थिक वर्षको भन्दा ७१ करोड ५५ लाख रुपैयाँ कम राजस्व सङ्कलन भएको जनाएको छ।

गत आर्थिक वर्षको वैशाखसम्म दुई अर्ब ८४ करोड ४५ लाख रुपैयाँ बराबरको पाँच करोड ५१ लाख ४३ हजार किलो चिनी आयात गरेको थियो। यसबाट कार्यालयलाई एक अर्ब ६१ करोड चार लाख रुपैयाँ राजस्व असुली भएको थियो। चालु आर्थिक वर्षको १० महिनामा एक अर्ब ५७ करोड ६६ लाख रुपैयाँ बराबरको दुई करोड ६२ लाख ९४ हजार ९८७ किलोग्राम चिनी आयात गरेको थियो। यसबाट कार्यालयलाई ८९ करोड ४९ लाख ५९ हजार रुपैयाँ राजस्व प्राप्त भएको छ।

# फजुल खर्च नियन्त्रण प्रावधानको स्वागत

रासस
काठमाडौं।

बहस मण्डपले आगामी आव २०८०/८१ का नीति तथा कार्यक्रम र बजेटले फजुल खर्च नियन्त्रणका लागि विभिन्न प्रावधान राखेकामा स्वागत गरेको छ । विकास आयोजनाका काम छिटोछरितो गराउने र समयमा आयोजना सम्पन्न गर्ने सम्बन्धमा विभिन्न कार्य प्रक्रियालाई सरलीकरण गरिनु पनि यसको सबल पक्ष भएको प्रतिक्रया बूढानीलकण्ठ -१०, कपन, निलोपुलमा गत वर्ष गठित मण्डपले जनाएको छ।



संस्थाले पञ्चवर्षीय योजनाका आधारमा कार्यक्रम तथा बजेट बन्नुपर्नेमा पहुँचका आधारमा आयोजना छनोट गरी कार्यक्रम तथा बजेट बनाइएको, पञ्चवर्षीय योजनालाई बेवास्ता गर्दै सांसद क्षेत्र विकास कार्यक्रमका नाममा दुर्लभ राजश्व छर्ने काम गरिएको र सङ्घको यस प्रकारको तजबिजी कार्यक्रमको सिको प्रदेशले समेतले गरेको भनी असन्तोष जनाएको छ।

सामाजिक सुरक्षा भत्तामा हुने फजुल खर्च नियन्त्रणका लागि निम्नवर्गका नागरिक पहिचान गरी भत्ता वितरण गर्ने कुरालाई बेवास्ता गर्दै हुनेखाने वर्गलाई समेत यस्तो भत्ता वितरण गर्ने पुरानो नीतिलाई बजेटमा यथावत् राखिएको, अनावश्यक ठाउँमा विमानस्थल बनाउने र विश्वविद्यालय थप गरेर देशलाई ठुलो आर्थिक भार पार्ने विषयलाई रोक लगाउने कुनै कुरो नबोलिएको तथा तल्लो वर्गलाई आर्थिक भार पर्ने गरी करका दर निर्धारण गरिएको आलोचना गरिएको छ।

लगभग ११ खर्ब रुपैयाँ राजश्व उठाउन सकिने अवस्थामा करिब १७ खर्ब रुपैयाँको बजेट देशको यथार्थसँग मेल नखाएको, देशको आर्थिक विकासका लागि जलस्रोत, कृषि, वन, पर्यटन र शिक्षा क्षेत्रमा फड्को मार्ने प्रकारका कार्यक्रम नदेखिएको, दुई चौमासिक त्यत्तिकै बिताएर तेस्रो चौमासिकका अन्त्यमा मात्र हतारहतार काम सक्ने नियतले बजेट खर्च गर्ने प्रवृत्ति नियन्त्रणका सन्दर्भमा एवं तोकिएका समयमा आयोजना सम्पन्न गर्न नसकेको जिम्मेवारी कसको भन्ने सन्दर्भमा केही नबोलिएको भनी संस्थाले टिप्पणी गरेको छ।

छलफल कार्यक्रमको सहजीकरण बैंकर भुवन दाहाल र नेपाल राष्ट्र बैङ्कका पूर्वनिर्देशक बलराम पराजुलीले गरेका थिए । संस्थाले हरेक महिनाको पहिलो शुक्रबार वित्त, पर्यटन, बैंकिङ, सञ्चार आदि विविध विषयमा छलफल आयोजना गर्दै आएको छ।

# मधेस प्रदेशको पाँच वटा विषयगत समितिको सभापति चयन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेस प्रदेशको सात वटा विषयगत समितिहरूमध्ये पाँच वटा समितिको सभापति चयन गरिएको छ ।



प्रदेश सभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १४६ बमोजिम गठित विषयगत समितिहरुमध्ये विकास समिति, अर्थ तथा योजना समिति, प्राकृतिक स्रोत तथा वातावरण समिति, सार्वजनिक लेखा समिति र महिला, बालबालिका तथा सामाजिक न्याय समितिको सभापति सर्वसम्मत चयन गरिएको हो ।

जसअनुसार विकास समितिको सभापतिमा जसपा नेपालका सारदा शंकर प्रसाद कलवार, अर्थ तथा योजना समितिको सभापतिमा जनमत पार्टीका सतिश कुमार सिंह, प्राकृतिक स्रोत तथा वातावरण समितिको सभापतिमा नेकपा माओवादी केन्द्रकी शारदा दास पहाडी, सार्वजनिक लेखा समितिको सभापतिमा नेकपा एमालेकी मंजु कुमारी थापा मगर र महिला, बालबालिका तथा सामाजिक न्याय समितिको सभापतिमा लोसपकी रुपा कुमारी यादव चयन भएका छन् ।

विषयगत समितिका सभापतिहरुलाई सभामुख रामचन्द्र मण्डलले आइतबार बिहान पद तथा गोपनियताको शपथ ग्रहण गराएका हुन् ।

सबैले पदभारसमेत ग्रहण गरेका छन् ।कृषि तथा भूमि व्यवस्थापन समिति र प्रदेश मामिला समितिको सभापति चयन हुन बाँकी रहेको छ ।मधेस प्रदेशमा अर्थ तथा योजना समितिमा सभापतिसहित ११ जना, कृषि तथा भूमि व्यवस्थापन समितिमा सभापतिसहित १२ जना, प्रदेश मामिला समितिमा सभापतिसहित ९ जना, प्राकृतिक स्रोत तथा वातावरण समितिमा सभापतिसहित १२ जना, महिला बालबालिका तथा सामाजिक न्याय समितिमा सभापतिसहित १३ जना, विकास समितिमा सभापतिसहित १२ जना र सार्वजनिक लेखा समितिमा सभापतिसहित १५ जना सदस्य रहने व्यवस्था छ ।

यसअघि पहिलो कार्यकालमा अर्थ तथा योजना समितिको सभापतिमा जसपाका मनिषकुमार सुमनसहित अन्य १० जना, कृषि तथा भूमि व्यवस्थापन समितिको सभापतिमा नेकपा एसका मदनसेन प्रसाद श्रीवास्तवसहित अन्य ११ जना, प्रदेश मामिला समितिको सभापतिमा जसपाका अशोक कुमार यादवसहित अन्य ८ जना, प्राकृतिक स्रोत तथा वातावरण समितिको सभापतिमा माओवादी केन्द्रका जगत प्रसाद यादवसहित अन्य ११ जना, महिला बालबालिका तथा सामाजिक न्याय समितिको सभापतिमा लोसपाका जयनुल राईनसहित अन्य १२ जना, विकास समितिको सभापतिमा जसपाकी डा. रिना यादवसहित अन्य ११ जना र सार्वजनिक लेखा समितिको सभापतिमा नेपाली कांग्रेसका नरेश कुमार यादवसहित अन्य १४ जना सदस्य थिए ।

# जनकपुरधाम बजार राति १० बजेसम्म संचालन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाममा आइतबारदेखि रात्रिकालीन बजार सञ्चालनमा आएको छ । आइतबार रातिदेखि जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालनमा आएको हो ।

जनकपुरधाम उपमहानगरपालिकाले सो रात्रिकालीन बजार सञ्चालनका लागि अनुमति दिएको हो । नगरप्रमुख मनोजकुमार साहले तत्काललाई राति १० बजेसम्म बजार सञ्चालन गर्ने गरी अनुमति दिएको जानकारी दिए ।नगरप्रमुख साहले अहिले सुरु गरेपछि बिस्तारै बजार सुधार गर्दै जाने बताए । जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालनका लागि जनकपुरधाम उद्योग वाणिज्य संघले धेरै पहिलेदेखि माग गर्दै आएका थिए ।उद्योगी व्यवसायीको मागबमोजिम रात्रिकालीन बजार सञ्चालन सम्बन्धमा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा नगरप्रमुख साहले आइतबारदेखि रात्रिकालीन बजार सञ्चालनको प्रस्ताव गरे ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले रात्रिकालीन बजार सञ्चालनले यस क्षेत्रको अन्य व्यवसायलाई पनि थप चलायमान बनाउने विश्वास व्यक्त गरे । उनले रात्रिकालीन व्यवसाय सञ्चालन हुँदा धार्मिक पर्यटकहरूलाई आकर्षित गर्न सकिने बताए । महासेठले खस्किँदो जनकपुरधामको बजारलाई कसरी चलायमान बनाउन सकिन्छ भन्ने विषयमा संघले लामो समयदेखि परामर्श गर्दै आएको बताउँदै रात्रिकालीन बजारले जनकपुरधामको आर्थिक विकासमा टेवा पुग्ने दाबीसमेत गरे । उनले रात्रिकालीन बजार सञ्चालनका लागि प्रहरी प्रशासनले शान्ति सुरक्षाको व्यवस्थालाई सहज बनाइदिनुपर्ने बताए ।

# जनकपुर नागरिक समाजको नेतृत्वमा वृक्षारोपण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुर नागरिक समाजका संयोजक मुरली मनोहर मिश्रको नेतृत्वमा जनकपुरधाममा वृक्षारोपण गरिएको छ । शैक्षिक करिडोरको पूर्व प्रस्तावित कार्यक्रम अन्तर्गत आइतबार जनकपुरधामको क्याम्पस चौकदेखि राराव क्याम्पसको पूर्वतर्फको पिपलको रुखसम्म दुवैतर्फ बिरुवा रोपिएको हो । वृक्षारोपण कार्यक्रमको जनकपुरधामका मेयर मनोजकुमार साहले गरेका थिए ।यस अवसरमा मेयर मनोजकुमार साहले जनकपुरधाम हरियाली र फोहोरमुक्त भएपछि मात्रै स्वच्छ जनकपुर, सुन्दर जनकपुरधामको



सपना पूरा हुने बताउदै उनले जनकपुरधाम विश्वभरका हिन्दुहरुको आस्थाको केन्द्र भएको बताए । उनले भने, 'छाडागाईले आवतजावतमा अवरोध गर्ने गरेको छ, यसका लागि गौशाला निर्माण भइरहेको छ, जुन अन्तिम चरणमा पुगेको छ ।'यस अवसरमा जनकपुर नागरिक समाजका संयोजक मुरली मनोहर मिश्रले देवालय, विद्यालय, पुस्तकालयको सयगज वरिपरिको क्षेत्रमा मासु ,मदिराबिक्रीमा प्रतिबन्ध र सुर्तिजन्य पदार्थमा प्रतिबन्ध लगाउनुपर्ने बताए । वृक्षारोपण कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी काशिराज दाहाल, सुरेश शर्मा, युगलकान्त चौधरी, भरत राय, बेचन मुखिया, रा.रा. क्याम्पसका प्रिन्सिपल, विभिन्न विद्यार्थी संगठनका पदाधिकारी तथा आम नागरिकको सहभागिता रहेको थियो ।


## धितोमा रहेको सम्पत्ती लिलाम बिक्री गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**(अन्तिम पटक प्रकाशित मिति २०८०/०३/०४ गते सोमबार)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले यस बैंकको **बीरगंज शाखाबाट** उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा तथा मिति २०७८/०४/०३ गते अन्नपुर्ण पोष्ट दैनिकमा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सूचना, मिति २०७९/०६/११ गते धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना कारोवार दैनिकमा र मिति २०७९/१०/०९ गते धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना आर्थीक दैनिकमा प्रकाशित गर्दा समेत संस्थाले कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्रि गर्न अन्तिम पटक ७ (सात) दिने धितो लिलाम सम्वन्धि सूचना प्रकाशित गरिएको छ । अत उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पति गोप्य शिलवन्दी वोलपत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलवन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ । लिलाम बिक्री गर्दा उल्लेखित धितो सुरक्षण सम्पति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्थाको संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी, संस्थाका संचालक तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

तपशिल

**ऋणी संस्थाको नाम : श्री चुरियामाई बचत तथा ऋण सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : अलौ-0८, पर्सा ।**

**धितो राखिएको सम्पति र सुरक्षणधनीको विवरण:**

१. श्री लेखमन साह कलवारको नाति श्री जतन साह कलवारको छोरा पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ६ बस्ने **श्री नथुनी प्रसाद गुप्ताको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला सुगौली दा.पु. बी.म.न.पा. वडा नं.८ र ९ को कित्ता नं. ७४८, ७४९, ६०४ र २९१ को क्षेत्रफल ०-३-१२, ०-३-०, ०-६-० र ०-११-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री दिनेश साहको छोरी श्री बिजय कुमार गुप्ताको श्रीमति पर्सा जिल्ला बीरगंज गा.वि.स. वडा नं. १७ बस्ने **श्री खुश्बु कुमारीको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला अलौ बी.म.न.पा. वडा नं. ७ को कित्ता नं. ८९६ को क्षेत्रफल ०-०-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री मोति साह तुरहाको छोरी श्री दुखी साह तुरहाको श्रीमति बारा जिल्ला बिश्रामपुर गा.वि.स. वडा नं. १ बस्ने **श्री पनवा देवीको** नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला ईनर्वाभाठा बी.म.न.पा./गा. बि. स. वडा नं. ७ को कित्ता नं. २९७ को क्षेत्रफल ०-३-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

१. बोलपत्र फारम रु ५००/- (पाँच सय) शुल्क बुझाई बैकंको शाखा कार्यालय बीरगंज र केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिउँसो ३:०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट उल्लेखित समयमा खोलिने छ ।
३. धितो लिलाम सम्बन्धि शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । साथै फारममा उल्लेख भएका बोलपत्र सम्बन्धि शर्तहरु यसै सूचनाका अभिन्न अंग हुनेछन् ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop


# शिक्षकहरूमाथि समस्या थपिँदै गएको समितिको ठहर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

संयुक्त शिक्षक मोर्चा समितिले नेपाल शिक्षक संघ धनुषाका कारण जिल्लामा विगत केही महिनादेखी शिक्षकहरुमाथी दिनप्रतिदिन समस्या थपिँदै गएको आरोप लगाएको छ । सम्पूर्ण शैक्षिक संस्थाहरूका अध्यक्षहरूले शैक्षिक समस्या समाधान गर्न संयुक्त शिक्षक मोर्चा गठन गरि धनुषाको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख युक्तप्रसाद शर्मामाथी गरिएको कालोमोसो घटनाप्रति आपत्ति जनाएको छ ।

यस घटनाप्रति खेद प्रकट गर्दै यो घटना किन र कसरी भयोबारे सत्य तथ्य पत्ता लगाई दोषीलाई कानुनी दायरामा ल्याउन मागसमेत गरिएको छ ।विगत केही दिनदेखी शिक्षा विकास तथा समन्वय इकाई धनुषामा आम नागरिक धनेश्वर दासलाई आफ्नो हालीमुहाली बनाई कार्यालयको सबभन्दा सम्वेदनशिल मानिने दर्ता चलानी फाँट शाखामा राखेर फाइल चोरी हुने, कानुन पत्र बढाएर चलानी गर्ने, दर्ता चलानी खाली ठाउँ हुने, केही दिन अगाडी शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख शर्मा स्वयमले मैले सही नगरेको स्वीकारेपनि त्यो चिठ्ठी कसरी चलानी भयो जस्ता गैरकानूनी कार्य गरेको मोर्चाको ठहर छ ।

यस प्रकारका व्यक्ति दर्ता चलानीमा बस्दा दिन प्रतिदिन घटना घटिरहेकोप्रति शिक्षक संस्थाहरूको अध्यक्षहरुले पटक- पटक आग्रह गर्दापनि ईकाई प्रमुखले नमानेकोले शिक्षा विकास तथा समन्वय इकाई आफैं विवादमा फसेको, यसबारे प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितीको प्रमुखलाई समेत जानकारी गराईसकेपनि हालसम्म के कति कारणले उक्त व्यक्ति फाँटबाट अहिलेसम्म बाहिर नगएको भन्दै सवाल उठाइएको छ ।

मोर्चाले आइतबारदेखि विद्यालय कर्मचारी परिषद्द्वारा गरिएको आन्दोलनप्रति समर्थन जनाउँदै माग पुरा होस् भन्ने उद्देश्यले गरिएको विद्यालय बन्द कार्यक्रमलाई सफल पार्न सम्पूर्ण स्थानिय तहका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, विद्यालय व्यवस्थापन समिति, नागरिक समाज, राजनैतिक दल, अभिभावक, शिक्षक, विद्यार्थी तथा मानव अधिकारकर्मी लगायत सरोकारवाला निकायलाई सफल बनाउन आग्रह गरिएको छ ।

साथै नेपाल शिक्षक संघ धनुषा एकलौटी रूपमा अगाडी बढने रवैयाका कारण तत्कालका लागी शिक्षक महासंघ धनुषा गठन नगर्ने यस मोर्चाको निर्णय भएको एकिकृत अखिल नेपाल शिक्षक संगठन धनुषाका अध्यक्ष धर्मेन्द्र यादवले जानकारी दिए ।

# धनुषामा पनि देखियो लम्पी स्कीन रोगको संक्रमण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषाको आधा दर्जन पालिकाहरू पशु चौपायामा लाग्ने लम्पी स्कीन रोगको संक्रमण देखिएको छ । खास गरेर गाई, भैंसीमा लाग्ने लम्पी स्कीन रोगका कारणले यहाँ आधा दर्जन चौपायाहरू मरेका छन् । धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका, मिथिला विहारी नगरपालिका, धनुषाधाम, वटेश्वर, सवैलामा यो रोगको संक्रमण देखिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख वरिष्ठ पशु चिकित्सक डा. सञ्जीव ठाकुरले जानकारी दिए ।

लम्पी स्कीन रोग लागेको पशु चौपायामा फोका आउने, फुट्ने र घाउ आउने, ज्वरो आउने, गर्भ तुहिने र दूध दिनेको दूध आउन कम हुने जस्ता लक्षणहरू देखिन्छ । लम्पी स्कीन सरुवा रोग भएकाले यसले एक पशुबाट अर्को पशुमा सार्ने भएकाले किसानहरू सजग हुन आवश्यक छ ।

यो रोग लागेका पशुबाट स्वस्थ्य पशुलाई अलग राख्नका लागि चिकित्सकहरूले सुझाव दिएका छन् ।

लम्पी स्कीन रोगबाट जोगाउनका लागि नियमित रुपमा खोप लगाउनुको विकल्प नभएको उल्लेख गर्नुहुँदै डा.ठाकुरले धनुषामा खोप कार्यक्रम यस पटक नचलेको बताए ।

आकस्मिक रुपमा खर्च गर्न मिल्ने शीर्षकको बजेट नै रोक्का गर्ने काम भएकाले खोप कार्यक्रम हुन नसकेको उहाँले बताए । धनुषामा पशु लागिरहेको प्राणघातक रोग लम्पी स्कीन रोग रोक्नका लागि समयमा नै ध्यान नदिएको खण्डमा थप क्षति गर्ने खतरा रहेकाले प्रदेश सरकारले नियमित खोप कार्यक्रम तत्काल शुरु गर्न आवश्यक छ ।

# फाइभ नेशन्स कप बास्केटबलः बंगलादेशमाथि नेपालको सानदार जित




**मधेशदृष्टि**
**काठमाडौं ।**
माल्दिभ्समा भइरहेको फाइभ नेसन्स बास्केटबल च्याम्पियनसिपमा नेपालले शनिबार बंगलादेशलाई पराजित गर्दै दोस्रो जित निकालेको छ । मालेमा भएको खेलमा नेपालले बंगलादेशलाई ९०-६१ ले हरायो । सुरुमा बंगलादेशले लगातार अग्रता बनाएपनि नेपालले पुनरागमन गर्दै पहिलो क्वाटरमै २५-२० को अग्रता लियो । त्यसपछि सबै क्वाटरमा नेपालले अग्रता बनाउदै २९ अंक अन्तरले खेल जितेको हो । दोस्रो क्वाटर पनि समान अंक जोड्दा नेपालले ५०-४० को अग्रता बनाएको थियो । तेस्रो क्वाटरमा नेपालले १९-१२ को अग्रता बनायो भने अन्तिम क्वाटर नेपालले २१ अंक जोड्दा बंगलादेशले ९ अंक मात्र जोड्न सक्यो ।

नेपालको लागि मनिस केसीले सर्वाधिक १७ अंक स्कोर गर्दा विजय बुर्जा, विनोद महर्जन र निश्चल महर्जनले १३-१३ अंक स्कोर गरे ।

पहिलो खेलमै भुटानसँग पराजित भएको नेपालले त्यसयता लगातार दोस्रो खेल जितेको हो । यसअघि नेपालले पाकिस्तानलाई पराजित गरेको थियो । लगातार दोस्रो जितपछि नेपालले सेमिफाइनलमा स्थान बनाएको छ । पहिलो खेलमा भुटानसँग खेल्दा नाडीमा चोट लागेका कप्तान सदिश प्रधानको अनुपस्थितीमै नेपालले लगातार दोस्रो खेल जितेको हो ।

नेपालको सहायक प्रशिक्षक नृपेश श्रेष्ठले सेमिफाइनल पुग्नका लागि बंगलादेशसँगको खेल महत्वपूर्ण रहेकोले यो जितले टिममा मनोबल बढेको बताए ।

उनले कप्तान सदिश सेमिफाइनलमा खेल्न सक्ने जानकारी दिए । नेपालले लिग चरणको अनतिम खेल आइतबार घरेलु टोली माल्दिभ्ससँग खेल्नेछ । दक्षिण एसियाका पाँच राष्ट्र सहभागि च्याम्पियनसिपमा लिग चरणपछि शीर्ष चार टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।

# पाँच वर्षपछि अमेरिकी विदेशमन्त्री बेइजिङमा

**बिबिसि**
अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिङ्कनले चिनियाँ अधिकारीहरूसँगको दुई दिने वार्ताको सुरुमा बेइजिङमा चिनियाँ विदेश मन्त्री किन गांगसँग भेटेका छन् । यो करिब पाँच वर्षमा अमेरिकी कूटनीतिज्ञले गरेको पहिलो चीन भ्रमण हो । अमेरिकी अधिकारीहरूले वार्ताको मुख्य लक्ष्य अत्यन्तै तनावपूर्ण भएको सम्बन्धलाई स्थिर बनाउनु रहेको बताएका छन् ।
अमेरिकी आकासमा एक सन्दिग्ध चिनियाँ जासुसी बलुनको उडानपछि करिब पाँच महिनाअघि ब्लिङ्कनको भ्रमण स्थगित गरिएको थियो ।
अमेरिकाले यो यात्राबाट प्राप्त हुनसक्ने उपलब्धिका अपेक्षाहरूलाई घटाउँदै लगेको छ र दुवै पक्षले कुनै ठूलो सफलताको आशा नगरेको स्पष्ट पारेका छन् । अमेरिकी अधिकारीहरूले यस भ्रमणको उद्देश्य भनेको उच्चस्तरीय वार्ताका ढोकाहरूलाई पुनः खोल्नु र बलुन उडाइएको घटनापछि तनावपूर्ण बनेको सम्बन्धलाई स्थिर राख्नु रहेको बताएका छन् ।
चीनले आफ्नो अभिन्न अङ्ग मान्ने ताइवान नजिकै चीनले सैन्य अभ्यास गर्ने गरेको छ । अमेरिकाले चाहिँ ताइवानको लोकतान्त्रिक रूपमा निर्वाचित सरकारसँग घनिष्ठ सम्बन्ध राख्छ । यो भ्रमणमा किन गांग र वरिष्ठ चिनियाँ विदेश नीति अधिकारी वाङ यीसँगको भेटघाट सहितको पूर्ण एजेन्डाहरू छन् । युक्रेनमा जारी युद्ध, उन्नत कम्प्युटर प्रविधिलाई लिएर उत्पन्न व्यापार विवाद, चिनियाँ मानवअधिकार आचरणलगायतका विषयमा अमेरिकीहरूले छलफल गर्न अपेक्षा गरिएका छन् ।



चिनियाँ अधिकारीहरूले ब्लिङ्कनको भ्रमणप्रति सावधानीपूर्वक प्रतिक्रिया व्यक्त गरेका छन् र अमेरिका सम्बन्ध सुधार गर्ने प्रयासमा इमानदार छ कि छैन भनेर प्रश्न उठाएका छन् । उनले चिनियाँ राष्ट्रपति सी जिन्पिङलाई भेट्ने वा भेट्न नपाउने भन्ने स्पष्ट छैन ।
ब्लिङ्कन सन् जनवरी २०२१ मा राष्ट्रपति जो बाइडनले पद सम्हालेयता चीन भ्रमण गर्ने उच्च अमेरिकी अधिकारी हुन् ।
ब्लिङ्कन भ्रमणका मुख्य मुद्दा






ब्लिङ्कनको भ्रमणको पहिलो र प्रमुख कुरा भनेकै अमेरिका र चीनबीच कुनै पनि प्रकारको कूटनीतिक अन्तरक्रियालाई पुनः स्थापना गर्नु हो । गत महिना अस्ट्रियाको भियनामा वरिष्ठ अमेरिकी अधिकारी र चिनियाँ अधिकारीहरूबीच भएको भेटले त्यसको प्रारम्भिक थालनी गरेको थियो ।
ब्लिङ्कन चीन भ्रमण गर्ने बाइडन प्रशासनका सबैभन्दा वरिष्ठ अधिकारी हुन् र अक्टोबर २०१८ पछि अमेरिकी विदेश मन्त्रीको यो पहिलो बेइजिङ भ्रमण हो ।
अमेरिका-चीन सम्बन्धबारे जानकार विज्ञहरू द्वन्द्वको जोखिमलाई कम गर्नका लागि दुई पक्षबीच प्रत्यक्ष कूटनीतिक संवाद हुनु जरुरी भएको ठान्छन् । र, ब्लिङ्कनको भ्रमणले त्यसको थालनी गर्न सक्ने ठानिएको छ ।

व्यापार विवाद कम गर्ने प्रयास
राष्ट्रपति बाइडनको कार्यकाल चीनसँगको असहज सम्बन्धसँगै सुरु भयो । त्यसको एउटा कारण उनले ट्रम्प प्रशासनले लागु गरेका व्यापार प्रतिबन्धहरूलाई हटाउने इच्छा नदेखाउनु पनि हो । त्यस्ता प्रतिबन्धका कारण चिनियाँ उत्पादनहरूले अमेरिकामा अरबौं डलरको आयात शुल्क बेहोर्नु परेको छ ।
केही क्षेत्रमा बाइडनले अझ कडा कदम चालेका छन् ।
उन्नत कम्प्युटर तथा इलेक्ट्रोनिक्स प्रविधिमा अमेरिकी दबदबा कायम राख्ने प्रयासमा चीनमा अमेरिकी कम्प्युटर-चिप निर्यातमा प्रतिबन्ध लगाइएको छ । त्यसको प्रतिक्रियामा चीनले सबैभन्दा ठूलो अमेरिकी चिप निर्माता माइक्रोनले बेच्ने कम्प्युटर मेमोरी चिप्समा आफैंले प्रतिबन्ध लगाइदिएको छ ।
ब्लिङ्कनको भ्रमणले अमेरिका र चीनबीच जारी यस्तो लडाइँलाई कम गर्ने एउटा महत्त्वपूर्ण पहलको रूप लिन सक्नेछ ।
युद्ध रोक्ने प्रयास
बलुन घटनापछि चीनले रुसलाई अस्त्र पठाउने विचार गरिरहेको र ती अस्त्रहरू तुरुन्तै युक्रेन विरुद्धको युद्धमा प्रयोग हुनसक्ने खबरहरू आएका थिए ।
युक्रेन-रुस द्वन्द्व अमेरिका र चीनबीचको छद्म युद्धमा परिणत हुनसक्ने र दुई राष्ट्रबीचको विशेष विवादास्पद मुद्दा हुन सक्ने जोखिममालाई मध्यनजर गर्दै अमेरिकी अधिकारीहरू पछिल्लो समय ती आरोपहरूबाट पछि हटेका छन् । तर ब्लिन्कनले भियनामा चिनियाँहरूलाई दिएको चेतावनीलाई दोहोऱ्याउने अपेक्षा गरिएको छ ।
भियनामा अमेरिकी अधिकारीहरूले चीनले रुसलाई सैन्य र आर्थिक सहायता दिएमा त्यसको गम्भीर परिणाम हुने चेतावनी दिएका थिए ।

# बाँध भत्किँदा १६ जनाको मृत्यु, ३१ बेपत्ता



**एएनआई**
**नोभा काखोभका ।**
नोभा काखोभका बाँध भत्किँदा बाढीमा परी कम्तीमा १६ जनाको मृत्यु भएको छ भने ३१ जना बेपत्ता भएका छन् । युक्रेनको आन्तरिक मामिला मन्त्रालयले शनिबार जनाएअनुसार दक्षिणी युक्रेनको बाँध जुन ६ गते भत्किएको र गाउँहरू ध्वस्त भएका थिए । बाँध भत्किएर खेतबारीमा बाढी आउँदा हजारौं मानिसलाई बिजुली र खाने पानीको आपूर्तिमा समस्या भएको थियो ।

कीभका अनुसार रुसले योजनाबद्धरुपले बाँधमा आक्रमण गरेको थियो । रुसले क्रिमियालाई पानीबाट वञ्चित गर्न र युद्धको मैदानबाट विचलित गराउन भौतिक संरचनामा आक्रमण गरेको दाबी गरेको छ । युक्रेनको आन्तरिक मन्त्रालयले दिएको जानकारीअनुसार बाढी प्रभावित क्षेत्रबाट ३,६१४ जना मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । यसैगरी खेरसन र माइकोलाइभ क्षेत्रका एक हजार तीन सय घर बाढीले डुबानमा परेका छन् ।

रुसले सन् २०२२ को फेब्रअरीमा युक्रेनमा आक्रमण गरेदेखि बाँध वरपरको क्षेत्र सबैभन्दा ठूलो विवादित क्षेत्रमध्ये एक बनेको छ ।


# सुरुङ विस्फोट हुँदा एक जनाको मृत्यु



**सिन्ह्वा**
**मैदान शार ।**
अफगानिस्तानको पूर्वी वर्दक प्रान्तमा शनिबार विगतका युद्धबाट बाँकी रहेको खानी विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ ।
शनिबार दिउँसो एकजना व्यक्ति वर्दक प्रान्तको राजधानी मैदान शार शहरको सडकमा फोहोर जम्मा गर्ने क्रममा फोहोरको बीचमा लुकाइएको विस्फोटक पदार्थ विस्फोट हुँदा सो व्यक्तिको घटनास्थलमै मृत्यु भएको हो ।
अफगानिस्तानको पश्चिमी घोर प्रान्तमा सोमबार यस्तै दुर्घटनामा एक बालकको ज्यान गएको छ भने दुई जना घाइते भएका छन् ।

# बस दुर्घटना हुँदा १४ जनाको मृत्यु, २० घाइते

**सिन्ह्वा**
**इस्लामावाद ।**
पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको चकवाल जिल्लामा शनिबार यात्रु बस दुर्घटना हुँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने २० जनाभन्दा बढी घाइते भएका छन् ।
राजमार्गमा जिल्लाको कल्लर कहार नजिकै बसको ब्रेक फेल भएर चालकले गाडीको नियन्त्रण गुमाउँदा उक्त दुर्घटना भएको प्रहरीले जनाएको छ ।



दुर्घटनामा ज्यान गुमाएका मध्ये कम्तीमा पाँच महिला र तीन बालबालिका रहेका छन् । बस सङ्घीय राजधानी इस्लामावादबाट पञ्जाबको प्रान्तीय राजधानी लाहोरका लागि जाँदै गरेको बेलामा दुर्घटना भएको हो । सूचना पाएपछि प्रहरी र उद्धारकर्मी घटनास्थलमा पुगेर घाइतेलाई नजिकैको अस्पतालमा पुऱ्याएका थिए ।
दुर्घटनाको सूचना गर्दै प्रधानमन्त्री शाहबाज सरिफले क्षतिप्रति गहिरो शोक र दुःख व्यक्त गरेका छन् ।
उनले दुर्घटनाको नबिन गर्न निर्देशन दिँदै घाइतेलाई आवश्यक स्वास्थ्य सुविधा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिएका हुन् ।

# दुई हजार वर्ष पुरानो मूर्ति बरामद




सिन्ह्वा
इस्तानबुल ।
टर्कीको प्रहरीले पश्चिमी शहर इज्मिरमा ऐतिहासिक कलाकृति तस्कर विरुद्ध कारबाही गर्ने क्रममा २,००० वर्ष पुरानो मूर्ति कब्जा गरेको छ । अनादोलु एजेन्सीले शनिबार जनाएअनुसार प्रहरीले इज्मिरको काराबाग्लर जिल्लामा पुरानो खजानाको तस्करीमा संलग्न रहेको विश्वास गरिएका एक जना संदिग्धको घरमा छापा मार्दा सो पुराततात्विक वस्तु फेला पारेको थियो ।
उक्त मूर्तिको टाउको देवी वा हेलेनिस्टिक कालदेखिको कुलीन चित्रण गर्ने संगमरमरको मूर्तिको अंश मानिएको छ । उक्त कलाकृति विदेश तस्करी गर्ने प्रयास गर्ने अभियुक्त विरुद्ध कानुनी प्रक्रिया अघि बढाइएको छ ।

# विश्वकप क्रिकेट छनोटमा नेपाल पराजित

**मधेशदृष्टि**
**काठमाडौं ।**
विश्वकप क्रिकेट छनोटमा जिम्बाव्वेसँग नेपाल ८ विकेटले पराजित भएको छ ।

आइतबार नेपाली ब्याटरले राम्रो प्रदर्शन गर्दै जिम्बाव्वेलाई २९१ रनको लक्ष्य दिएपनि हरारेको मैदानमा नेपाली बलरहरु घरेलु टोली जिम्बाव्वेलाई रोक्न सफल भएन ।

२९१ रनको लक्ष्य जिम्बाव्वेले २ विकेट गुमाएर ४४.१ ओभरमा भेट्टायो । उसका लागि १६४ रनको साझेदारी गरेका क्रेग इर्भिन र सेन विलियम्स दुवैले नट आउट शतकीय पारी खेलेका थिए ।

कप्तान इर्भिनले १२८ बल खेल्दै १५ चौका र १ छक्का मद्दतमा नटआउट १२१ रन बनाएका थिए । त्यस्तै विलियम्सले ७० बल खेल्दै १३ चौका र २ छक्का मद्दतमा १०२ रन बनाए ।

वेस्ली मधेभरे ३२ तथा जोयलर्ड गम्बी २५ रनमा आउट भएका थिए । नेपालका लागि सोमपाल कामी र गुल्शन झाले १-१ विकेट लिएका थिए ।




हरारेमा टस जितेर पहिला ब्याटिंग गरेको नेपालले ५० ओभरमा ८ विकेट गुमाउँदै एक दिवसीय क्रिकेटमा आफ्नोफ तेस्रो ठूलो योगफल २९० रन बनाएको थियो ।

जिम्बाव्वेविरुद्ध ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले १७१ रनको कीर्तिमानी साझेदारी गरे । कुशल एकदिवसीय अन्तर्राष्ट्रियमा दोस्रो शतक बनाउन १ रनले चुकेका थिए । जिम्बाव्वेका वेलिङटन मसाकान्डाले कुशललाई ९९ रनमा बोल्ड गरे । ९५ बल खेलेका उनले १३ चौका र २ छक्का प्रहार गरेका थिए ।

त्यस्तै अर्का ओपनर आसिफ शेख १०० बलमा ७ चौका सहित ६६ रनमा वसलिङटोन म्याजाकाजाको बलमा रायन बर्लको हातबाट क्याच आउट भएको थियो ।

त्यस्तै तेस्रो विकेटका लागि कुशल मल्ल र रोहित पौडेलले ६७ रनको साझेदारी गरे । कुशल मल्ल ४१ तथा रोहितकुमार पौडेल ३१ रनमा आउट भएका थिए ।

त्यसैगरी गुल्सन झा १३ रन, आसिफ शेख १० तथा दीपेन्द्र सिंह ऐरी ६ रनमा आउट भए भने भीम सार्कीले खाता नै खोल्न सकेनन् । करण केसी २ तथा सोमपाल कामी खाता नै नखोली नटआउट रहेको थियो ।

त्यस्तै समूह ए मा नेपालले दोस्रो खेल मंगलबार अमेरिकासँग खेल्ने भएको छ ।

# आन्तरिक ऋण अनुकूलन रणनीतिलाई अन्तिम रूप दिइसकिएको छैन : श्रीलङ्का

श्रीलङ्काका वित्त राज्यमन्त्री शेहान सेमासिंघेले आइतबार घरेलु ऋण अनुकूलनका सम्बन्धमा अपरिपक्व अड्कलबाजी नगर्न आग्रह गरेका छन् । उनले आन्तरिक ऋण अनुकूलनको रणनीति अझै अन्तिम चरणमा पुगिनसकेको बताए ।
कोलम्बोमा सञ्चारकर्मीसँग कुरा गर्दै सेमासिंघेले बैंक तथा वित्तीय क्षेत्रको स्थायित्व सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताए भने यस विषयमा जिम्मेवार र लगनशील छलफल गर्न आग्रह गरे । उनले अपरिपक्व अनुमानहरूले बजारको विश्वासलाई कमजोर पार्न सक्ने बताए । उक्त अवसरमा सेमासिंघेले ऋण पुनर्संरचना प्रयासका लागि



द्विपक्षीय ऋणदाताहरूसँग संलग्न हुने प्रगतिमाथि प्रकाश पारेका थिए ।
राज्यमन्त्रीले यी संलग्नताहरूले समग्र स्थिरतामा योगदान पुऱ्याउने अनुकूल सम्झौताहरू हुने आशा व्यक्त गरे ।
यसैबीच, श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नर नन्दलाल वीरासिंघेले पनि सार्वजनिक बैंक निक्षेपको सुरक्षा र आन्तरिक ऋणको पुनर्संरचनामा बैंकिङ प्रणालीको स्थायित्वको बारेमा जनतालाई आश्वस्त पारे ।
एक सार्वजनिक मञ्चलाई सम्बोधन गर्दै वीरासिंघेले वित्तीय क्षेत्रको स्थायित्व केन्द्रीय बैंकको प्रमुख उद्देश्य भएको र सार्वजनिक निक्षेपको सुरक्षा र बैंकिङ प्रणालीको समग्र स्थिरता सुनिश्चित गर्न उपायहरू अपनाइनेमा जोड दिए ।-(रासस/सिन्ह्वा)

# सैन्य कारबाहीमा कम्तीमा १० जनाको मृत्यु

**सिन्ह्वा**
**याउण्डे ।**
अङ्ग्रेजी भाषा बोल्ने उत्तरपश्चिम क्षेत्रमा सशस्त्र पृथकतावादी विरुद्ध क्यामरुनको सेनाले गरेको आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको स्थानीय र सुरक्षा बलले जानकारी दिएका छन् ।
आक्रमण यस क्षेत्रको ठूलो बबङ्की गाउँमा शुक्रबार रातिदेखि शनिबारसम्म चलेको थियो ।
मारिनेमा सशस्त्र पृथकतावादी रहेको र



जसले गत सो इलाकामा दर्जनौं महिलालाई अपहरण गर्ने, यातना दिने गरेका थिए ।
पृथकतावादीले सामाजिक सञ्जालमा ती आरोपको खण्डन गर्दै मृतक लडाकू नभई स्थानीयले चिनेका नागरिक रहेको बताएका छन् । गाउँका एक बासिन्दाले नाम नखुलाउने शर्तमा सिन्ह्वालाई आक्रमणको कारण गाउँका सयौं मानिस झाडीतिर भागेका बताएका थिए ।
सन् २०१७ देखि सरकारी सेनासँग द्वन्द्वमा रहेका पृथकतावादीले उत्तरपश्चिम र दक्षिणपश्चिमका दुई अङ्ग्रेजी भाषी क्षेत्रमा स्वतन्त्र राष्ट्र स्थापना गर्ने आशा राखेका छन् ।

# १७ सय नयाँ सवारी वीरगंज भन्सारमा थन्कियो



**मधेशदृष्टि**
**वीरगंज ।**

कोरोना महामारी अगावै व्यवसायीहरुले आयात गरेको १७ सय बढि नयाँ गाडी वीरगंज भन्सार कार्यालय एकीकृत सुरक्षा जाँच चौकी (आईसिपी) मा थन्किएको छ । नयाँ गाडी आयातमा विगत १४ महिनादेखि बैंकले लगानी गर्न रोक लगाएपछि भारत तथा तेश्रो मुलुकबाट आयातित नयाँ गाडीहरु हालसम्म आई.सि.पि. यार्डमै थन्किएको छ । हेभी गाडीका चेसिस तथा विलासिताका गाडीहरु (आईसिपी.) यार्डमै थन्किएको हो ।

हाल आईसिपी यार्डभित्र ठुला तथा साना गाडीहरुहले खचाखच भरिएको छ । आइसीपीको पार्किङ यार्डमा कोरोना महामारीदेखि नै आयात गरिएका एक हजार ७ सय २३ वटा गाडीहरु भन्सारमा थन्किएको वीरगंज भन्सार प्रमुख कमल ज्ञवालीले जानकारी दिए । उनका अनुसार बजेट अगाडि २ हजार युनिटभन्दा धेरै गाडीहरु भन्सार पार्किङमा थन्किएका थिए । तर केही दिन अगाडि लगभग ३०० वटा कार, जीप र भ्यान व्यवसायीले छुटाएका छन् भने बाँकी र त्यस यता अयात गरिएका गाडीहरु भन्सार यार्डमै थन्किएको बताए ।

भन्सारमा अहिले सानाठुला गरी लगभग १७ सय २३ युनिट नयाँ गाडीहरु पार्किङमा रहेको भन्दै ज्ञवालीले यसमा लोडेड सवारी ३ सय ४६ युनिट र अन्य नयाँ सवारी १७ सय ८३ युनिट रहेको बताए । यसमा भएका ३ सय ४५ लोडेड गाडी दैनिक रुपमा जाँचपास हुने गरेको उनको भनाई छ । अहिले आइसिपी यार्डमा कार, जीप र भ्यान ५ सय ९ युनिट, बस र बसका च्यासिसहरु ५१



युनिट, नयाँ ट्रक र टिपर च्यासिस ८ सय ३४ युनिट, अन्य च्यासिसहरु ३ सय ८२ युनिट, ७ वटा ट्र्याक्टर र लोडेड सवारी ३ सय ४६ युनिट छन् ।

यो भन्सार नाकाबाट सवारीसाधन आयात गर्नेमा सिप्रदी ट्रेडिङ्ग प्रा.लि., टोयोटा, आईएमई मोटर्स, लक्ष्मी इन्टरकन्टिनेन्टल, अग्नि इन्कर्पोरेटेड लगायत रहेका छन् । भन्सारमा अहिले टोयोटा र इसुजुका पिकअप सेग्मेन्टका गाडी तथा कमर्सियल सवारीसाधन पनि धेरै भन्किएको ज्ञवालीको भनाई छ । आयातकर्ताले जाँचपास गराएर नलग्दा वीरगंज भन्सारमा पार्किङ अभाव हुन थालेको भन्सार प्रमुख ज्ञवालीले बताए । पछिल्लो समय नेपालमा पिकअप सेग्मेन्ट र कमर्सियल गाडीको बिक्री ठप्प जस्तै छ । विक्री ठप्प भएकै कारण आयातकर्ता व्यवसायीहरु नयाँ गाडी जाँचपास गराउन अनाकानी गरि रहेको बताइएको छ ।

भन्सार प्रमुख ज्ञवालीका अनुसार पुरानो गाडी पार्किङ यार्डमा थन्किएको हुँदा आयात हुने नयाँ गाडीहरु राख्न पार्किङ्ग अभाव भएको बताए । अहिले नयाँ गाडी आउने संख्या बढ्दो छ । पुराना गाडीहरु व्यवसायीले जाँचपास गराए नलैजाँदा नयाँ विद्युतीय गाडी राख्न समस्या हुन थालेको उनको भनाई छ । विद्युतीय गाडी आउनेबितिकै व्यवसायीले भन्सार पास गर्ने भएकाले अलि कम समस्या हुने गरेको छ तर बढि जाँचपासमा केही दिन ढिलाई भए सवारी राख्न पार्किङ्ग अभावको सास्ती खेप्नुपर्ने उनको भनाई छ । भन्सार प्रमुख ज्ञवालीका अनुसार पुराना थन्किएका गाडीहरुको पार्किङ्ग शुल्क मात्रै २६ करोड रुपैयाँ भइसकेको बताए । समयमा गाडी जाँचपास गरेर नलैजाँदा राजस्व संकलनमा पनि प्रभाव परि रहेको बताए ।

यता नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले नाडा अटोमोबाइल एशोसिएसन अफ नेपालसँग वीरगंज भन्सारको पार्किङ यार्डमा भएको गाडीलाई चोभारमा ल्याउने सम्झौता गरेपनि कार्यान्वयन हुन नसकेको बताए । ती गाडीहरु चोभारमा ल्याएर पार्किङ्ग गर्दा कम शुल्क लाग्ने गरी व्यवस्था मिलाइएपनि त्यहाँ गाडीहरु नलगि यही भन्सार यार्डमा थन्काइएको बताए । भन्सार यार्डमा गाडी थन्किएको कारण नयाँ गाडी आयात गर्दा पार्किङ्ग गर्न समस्या हुने गरेको उनको भनाई छ ।

अर्कातर्फ गाडी व्यवसायीले नयाँ सवारी साधन विक्री नभएको कारण जाँचपासमा ढिलाई भएको बताउँछन् । उनीहरुका अनुसार विक्री नभएकै कारण हाल भन्सार स्थित यार्डमा करिब ७ अर्व मूल्य बराबरको नयाँ सवारी साधनहरु थन्किएको बताउँछन् । उनीहरुका अनुसार आफूहरुले गाडी जाँचपास गराउन नचाहेको पनि होइन, तर विक्री नै ठप्प छ, आफूहरुको लगानी लागि सकेको छ, अझै भन्सार जाँचपास गराएर लगानी लगाए व्यापारीहरु डुब्ने पलायन हुने अवस्थामा पुग्ने उनीहरुको भनाई छ ।

व्यवसायीहरुका अनुसार गाडी भन्सार जाँच पास गरेर ल्याएपनि विक्री हुने अवस्था छैन, नेपालको अर्थतन्त्र धरासायी अवस्थामा छ, बैंक लगानी गर्न छाडेको छ, त्यसैले नयाँ सवारी विक्री ठप्प भएको कारण भन्सार जाँचपास गराउन आनाकानी भइरहेको बताए । पहिलाकै लगानीको व्याजदर तिर्दैछौं एक व्यवसायीले भने 'अझ त्यसमा लगानी लगाए कहाँबाट तिर्ने ? बजारको अवस्था नाजुक छ, विक्री भएन भने लगानीको व्याज तिर्दै यहाँबाट पलायन हुने अवस्था आउँछ' बैंकले लगानी नगरेसम्म अर्थात सवारी विक्री वितरण हुने वातावरण सृजना नभएसम्म गाडीको जाँचपास गर्न नसकिने अवस्था रहेको बताए ।

राष्ट्र बैंकले जोखिम भार धेरै राख्दा बैंक तथा वित्तीय सस्थाहरुले ऋण लगानीमा रोक लगाएको छ । ऋण लगानीमा रोक लगाएसँगै नयाँ सवारी साधनको विक्री ह्वात्तै घटेको छ ।

# जनकनन्दनी एफएम छैठौं वर्षमा प्रवेश




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेस प्रदेशको राजधानी जनकपुरधामबाट सञ्चालित जनकनन्दनी एफएम ९५.५ मेगाहर्ज आजदेखि छैठौं वर्षमा प्रवेश गरेको छ ।

सिमला देवी मिडिया हाउसद्धारा सञ्चालित आवाज विहिनहरुको आवाज जनकनन्दनी एफएम पाँच वर्ष पुरा गरी छैठौं बर्षमा प्रवेश गरेको हो । रेडियोले हालसम्म समाचार, शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, वातावरण, मनोरञ्जन, सुशासन लगायत समूदायका प्रत्यक्ष सरोकारका विभिन्न मुद्धाहरुलाई निरन्तर रुपमा उठान गर्दै आवाज विहिनहरुको आवाजका रुपमा आफुलाई विकास गर्दै आएको छ ।

२०७४ साल असार ३ गतेबाट परिक्षण प्रसारण आरम्भ गरेको रेडियोले यस अवधिमा जनताको सूचनाको हक प्रवर्द्धन गर्ने कार्यमा उल्लेखनीय योगदान पुर्याउने प्रयास जारी राखेको रेडियोका अध्यक्ष अर्जुन मण्डलले बताए । स्वतन्त्र समाचार र सर्वपक्षीय विचार सम्प्रेषण गरेको कारण जनकनन्दनी एफएम छोटो समयमै आम स्रोताका बीच विश्वसनीय बन्न पुगेको उनले बताए ।

जनकनन्दनी एफएमले मधेस प्रदेश सरकार र स्थानीय तहका नीति, कार्यक्रमलाई आम जनताको बीचमा पुर्याउने र जनताका समस्याहरुलाई नीति निर्माणको तहसम्म पुर्याउन पुलको काम आगामी दिनमा पनि निरन्तर गरिरहने अध्यक्ष मण्डलले विश्वास व्यक्त गरे । उनले यस रेडियोले सदाझैं आगामी दिनमा समेत सबैको साझा चौतारी बन्ने प्रतिवद्धता दोहोर्याएको छ ।

जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारको सम्मान गर्दै सुशासन र पारदर्शिता कायम गराउने अभियानमा समेत आफूहरु अझ सशक्त भएर काम गर्ने समाचार प्रमुख दिपक कर्णले प्रतिवद्धता जनाएका छन् ।

छैठौं वर्ष प्रवेशको अवसरमा रेडियोलाई यहाँसम्म पुर्याउन सहयोग गर्ने आम स्रोता, विज्ञापनदाता र कार्यरत पत्रकार तथा कर्मचारीहरुमा धन्यवादसहित शुभकामना व्यक्त गरिएको छ ।

# तीनदिने अभिमुखिकरण कार्यक्रम समापन

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका न्यायिक समितिले आयोजना गरेको तीनदिने अभिमुखिकरण कार्यक्रम आइतबार सम्पन्न भएको छ । वीरगंज महानगरपालिका उप-प्रमुख तथा न्यायिक समितिको संयोजक इम्तियाज आलमको संयोजकमा आयोजित समापन कार्यक्रममा उप-मेयर आलमले सम्पुर्ण वडा सचिवहरुलाई म्याद तामिलको कार्यहरु ३ दिन भित्र पठाउन अनुरोध गरेका थिए । साथै म्याद तामिलमा अवरोध गर्ने ब्यक्तिहरुलाई कडा कारवाही गर्ने चेतावनी समेत दिएका थिए ।

उनले सबै वडा सचिवहरुलाई आ-आफ्नो वडाध्क्षको मातहतमा बसेर काम गर्न निर्देशन समेत दिए । उप-मेयरको अधिनमा रहेको न्यायिक समितिको कामबारे जानकारी दिदै न्यायिक समितीले विवादहरूमा मेलमिलापको निरुपण गर्ने अधिकार रहेको भन्दै उपमेयर आलमले न्याययिक समितिको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण कार्यहरु सहज तरिकाले समाधान गर्नुपर्ने सुझाव समेत दिए ।

उनले सरकारी सार्वजनिक वा सामुदायिक बाहेक एकताको हकमा जग्गा अर्कोले मिचेको, सरकारी सार्वजनिक वा समुदायिक बाहेक आफ्नो हक नपुगने अरुको जग्गामा कुनै घर वा संरचना बनाएको, पति पत्नीबीचको सम्बन्ध बिच्छेद, अंङ्गभङ्ग बाहेकको बढिमा एक वर्ष कैद हुन सक्ने कुटपिट, गाली वेइज्जति, कुटपिट जस्ता घटनाहरुलाई कसरी समाधान गर्ने विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा न्यायिक समितिका सदस्य तथा वीरगंज महानगरपालिका वडा नं. ३ का वडाध्यक्ष बैजु स्वर्णकारले न्याय समितीको काम कर्तव्यबारे विस्तृत जानकारी गराएका थिए । उनले न्यायिक समितिले वीरगंज भरिका वाद बिवादलाई दर्ता गर्ने र निस्सा दिने अधिकार रहेको बताए । त्यस्तै समितीले कुनै वाद बिवादलाई आवश्यक ठाने विवादित पक्षलाई बोलाई बयान लिने तथा लिखित जवाफ माग्नेसम्मको अधिकार रहेको बताए ।

समितिका संयोजक इम्तियाज आलमको सभापतित्वमा आयोजित समापन कार्यक्रममा बार एसोशिएसन पर्साका कमल मोहन पोखरेल तथा नगरपालिका कर्मचारी संघका इकाइ अध्यक्षको उपस्थिति रहेको थियो ।




# युएईमा सार्क पत्रकार मञ्च समितिको घोषणा




**मधेशदृष्टि**
**वीरगंज ।**

संयुक्त अरब इमिरेट्स (युएई) मा आठ सार्क राष्ट्रका सञ्चारकर्मी सम्मिलित सार्क पत्रकार मञ्चको समिति घोषणा गरिएको छ । आइतबार, जुन १८, दुबईको एक स्थानीय होटलमा १५ युवा पत्रकार सम्मिलित सार्क पत्रकार मञ्च यूएई च्याप्टरको पूर्ण समिति घोषणा गरिएको छ ।

एस.जे.एफ. ले एमिरेट्सका साथै विभिन्न देशहरूमा नयाँ अध्याय खोलेको छ । विदेशमा कार्यरत सार्क क्षेत्रका पत्रकारहरुलाई संगठित गरी देश र समाजको विकासमा काम गर्ने दृढता सहित समिति घोषणा गरिएको बताइएको छ । सार्क राष्ट्रबाहेक नेपाल स्थित अन्तर्राष्ट्रिय संस्थाले सार्क पत्रकार मञ्च समिति गठनको प्रक्रियालाई निरन्तरता दिएको छ ।

अध्यक्ष समसुर रहमान सोहेल, माई टिभी युएई प्रतिनिधि, वरिष्ठ उपाध्यक्ष, मोजफ्फर रिजवी, खलीज टाइम्स प्रतिनिधि, माहिउल करिम आशिक, उपाध्यक्ष, प्रोबास मेला इमिरेट्स प्रतिनिधि, र दैनिक बंगला अधिकारका कार्यकारी सम्पादक सागर चन्द्र स्वपन, कुनै पनि नाममा परेका छैनन् ।

महासचिव फखरुद्दीन मुन्ना, जेए टिभीका एमिरेट्स प्रतिनिधि, संयुक्त महासचिव क्यू टिभी इमिरेट्स प्रतिनिधि। सरवरउद्दिन रुनी, आयोजक सचिव रोटर्याक्ट दैनिक अमर सोमोय इमिरेट्स प्रतिनिधिका सागर देव मनोनीत भएका छन् ।

कार्यालय सचिव ओमर फारुक हृदय ( वार्ता दैनिक), प्रचार सचिव सागर दिवान (दैनिक सञ्चार मोहना), अन्तर्राष्ट्रिय मामिला सचिव परवेज आलम (दैनिक सोरेजमिन वार्ता)।

सदस्य- अमिरुल इस्लाम (दैनिक स्वदेश बिचित्र), महमुद सजल ( स्वदिन देश टिभी), मोहम्मद रसेल अहमद (दैनिक आलोकित सम्काल), यासिन अल अमिन (तन्मय) (दैनिक अपराध दृश्य), मो. सहरियार आलम जोय (दैनिक जनता) । एसजेएफका अध्यक्ष राजु लामा र महासचिव अब्दुर रहमानले एसजेएफ युएई च्याप्टरका नवगठित च्याप्टर नेताहरूलाई बधाई दिएका छन् ।

यसै क्रममा एक भिडियो सन्देशमा एसजेएफका महासचिव डा. अब्दुर रहमानले छिट्टै इङ्ल्यान्ड, युरोप, जापान र मध्यपूर्वका देशहरूमा एसजेएफका विभिन्न अध्यायहरूको घोषणा गरिने बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन